जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ८ अंक २८, २०७६ साल कात्तिक २९ गते शुक्रबार, नेपाल संवत् ११४० (Nov. 15, 2019) Website : www .greaternepal.com.np मूल्य रु. १० ।-

## चलचित्र महोत्सव स्थगित

काठमाडौं । नेपाली चलचित्रको विकास, विस्तार तथा प्रवर्द्धन गर्ने लक्ष्यका साथ आयोजना गर्न लागिएको चलचित्र महोत्सव स्थगित भएको छ । प्रदेश १ मा हुने भनिएको उक्त महोत्सव अनिश्चितकालका लागि स्थगित गरिएको हो ।

मुख्यमन्त्री कार्यालयका अनुसार निर्वाचन आचारसंहिताका कारण महोत्सव रोकिएको हो । प्रदेश १ को मुख्यमन्त्री कार्यालयले निर्वाचन आचारसंहिता धरान उपमहानगरपालिकामा पनि लागू हुने भएकाले महोत्सव स्थगित गरिएको जनाइएको छ । धरानमा आजदेखि मंसिर २ गतेसम्म चलचित्र महोत्सव हुने तयारी गरिएको थियो ।

## निर्माण व्यवसायीहरू आन्दोलित

काठमाडौं । सार्वजनिक खरिद नियमावली संशोधनका प्रावधान कार्यान्वयन गर्न माग गर्दै निर्माण व्यवसायीहरूको छाता संगठन निर्माण व्यवसायी महासंघले आन्दोलनको घोषणा गरेको छ । राजधानीमा पत्रकार सम्मेलनको आयोजना गर्दै नेपाल निर्माण व्यवसायी महासंघले सार्वजनिक खरिद (आठौं संशोधन) नियमावली, २०७६ कार्यान्वयन नभएको भन्दै आन्दोलनका कार्यक्रम घोषणा गरेका हुन् । सार्वजनिक खरिद नियमावली २०७६ अनुसार म्याद थप र बैंक बाँकी ८ पेजमा

# भौगोलिक विस्तारवाद विरुद्ध मालेको खबरदारी

काठमाडौं । नरेन्द्र दामोदरदास मोदी नेतृत्वको भारतीय जनता पार्टीको सरकारले नोभेम्बर २ शनिवार प्रकाशित गरेको भारतको नयाँ राजनीतिक नक्सामा लिम्पियाधुरादेखि लिपुलेकसम्मको अतिक्रमित विशाल नेपाली भूमिलाई समेटेर सार्वजनिक गरेपछि भारतको भौगोलिक विस्तारवाद विरुद्ध सिंगो नेपाल आन्दोलित बनेको छ । कालापानी र सुस्ताको सीमा विवाद मिलाउन गठन भएको परराष्ट्र सचिव स्तरीय बैठक एकपटक पनि नबसी भारतले एकतर्फी रुपमा नक्सा सार्वजनिक गर्नु नेपालको सम्प्रभूतामाथि ठाडो हमला गर्नु हो । नाकाबन्दीले बिग्रिएको दुई देशबीचको सम्बन्ध पछिल्लो समय सुधारिँदै गएको बेला भारतले नेपाललाई फेरि झस्काएको छ ।

भारतको भौगोलिक उपनिवेशवादको विरोध गर्दै अतिक्रमित नेपाली भूभाग फिर्ताका लागि नेपालका राजनीतिक दलहरु सडकमा उत्रिइसकेका छन् । सत्ताधारी नेकपाको भातृ संगठन अनेर स्ववियु र मुख्य प्रतिपक्षी दल नेपाली कांग्रेस सम्बद्ध नेविसंघले भारतीय राजदूतावासकै अघि विरोध प्रदर्शन गरेका छन् । तर यी दुवैका माउ पार्टी डबल नेकपा र नेपाली कांग्रेसले भने भारतीय विस्तारवादको विरुद्ध कुनै पनि प्रकारको विरोधको औपचारिक कार्यक्रम गरेका छैनन् । सदनमा प्रतिनिधित्व नरहेको नेकपा मालेले भने भारतीय ज्यादतीको धुवाँदार विरोध गरिरहेको छ । यसै सन्दर्भमा गत २४ गते मालेले राजधानीमा भारतको भौगोलिक विस्तारवादविरुद्ध विशाल जनप्रदर्शन एवं जनसभा सम्पन्न गरेको छ ।

भृकुटीमण्डपमा भेला भएर अघि बढेको मालेको जुलुस पुतलीसडक, बागबजार, शान्तिवाटिका हुँदै भोटाहिटी चोकमा पुगेर जनसभामा परिणत भएको हो । जुलुसले 'कालापानी हाम्रो हो, लिपुलेक हाम्रो हो, गो ब्याक इन्डिया, भारतीय विस्तारवाद मुर्दावाद, लिम्पियाधुरादेखि महाकालीसम्मको सिमाना कायम गर, सीमा व्यवस्थित गर, भ्रष्टाचार अन्त्य गर, रोजगारीको व्यवस्था गर जस्ता नाराहरु लगाएको थियो । सडक पेटीमा उभिएका र घरका छत र झ्यालबाट मालेको जुलुसको हेरिरहेका स्थानीयले ताली पिटेर जुलुसको स्वागत गरेका थिए ।




भोटाहिटी चोकको जनसभालाई माले महासचिव सीपी मैनालीले सम्बोधन गर्दै भारतद्वारा अतिक्रमित नेपाली भूभाग फिर्ताका लागि आफ्नो पार्टीले संघर्षलाई अघि बढाएको बताउनुभयो । उहाँले भन्नुभयो- लिम्पियाधुराबाट निस्किएको काली नदी नै सीमा नदी हो । त्यहाँबाट करिब ३० किलोमिटर यता भारतले सीमा सुरक्षा फौज खडा गरेको छ । सन् १८५६ पछि ब्रिटिस इन्डियाले नक्सामार्फत त्यसमा अतिक्रमण सुरु गर्‍यो । उसले त्यतिबेला प्रकाशन गरेको नक्सामा लिम्पियाधुराबाट आउने कालीनदीलाई कुटी याङ्दी नामाकरण गर्‍यो । लिपुलेक पश्चिम गिरफुबाट आउने लिपुखोलालाई काली लेख्न थाल्यो । अब यता कालापानीमा कृत्रिम नदी बनाएर त्यसमै जोड्यो । सामरिक महत्वको यो क्षेत्रलाई अहिले मोदी सरकारले आफ्नो राजनीतिक नक्सामा गाभेको छ । यो भारतको भौगोलिक विस्तारवादको स्वरुप हो । महासचिव मैनालीले अगाडि भन्नुभयो- नेपालको पश्चिम सीमा लिम्पियाधुरा ३६५ वर्गकिलोमिटर क्षेत्रमा फैलिएको छ । कालापानी र लिपुलेकको क्षेत्रफल ६२ वर्गकिलोमिटर छ । लिम्पियाधुरामा तीनवटा गाउँ कुटी, नाबी र गुन्जी छन् जुन ठाउँ अहिले नेपालकै नक्सामा गायब छन् । वि.सं. २०१८ सालमा ती गाउँमा नेपालले जनगणना गरेको थियो । नेपाल सरकारका तत्कालीन जोनल अफिसर भैरव रिसाल (वरिष्ठ पत्रकार) ले सो क्षेत्रको जनगणना गराएका थिए । सन् १८६० मा चीनसँगको युद्धको दौरानमा भारत कालीनदी तरेर नेपाली भूमि अतिक्रमण गर्दै अघि बढ्यो । अतिक्रमण गर्दै भारतीयहरु लिपुलेक आएर त्यहाँबाट बगेको खोलालाई काली नदी भनेर एकतर्फी रुपमा घोषणा गरे । यसरी लिम्पियाधुरादेखि लिपुलेकसम्मको ३१० वर्गकिलोमिटर क्षेत्र भारतले कब्जा गर्‍यो । त्यसपछि भारत ६२ वर्गकिलोमिटर पूर्व आइसकेको छ । यसरी सो क्षेत्रमा मात्र भारतले ३७२ वर्गकिलोमिटर नेपाली भूभाग मिचिसकेको छ ।

सुगौली सन्धिबारे बोल्दै उहाँले भन्नुभयो- सन् १८१६ को सुगौली सन्धिको धारा ५ अनुसार लिम्पियाधुरा कालीनदीको मुहान हो । कालीनदी नै नेपाल भारत सिमाना हो । सुगौली सन्धिले निर्धारण गरेको सीमालाई भारतले अस्वीकार गर्दै नेपाली बाँकी ८ पेजमा

## सीमा विवादबारे सरकार उदासीन

काठमाडौं । दक्षिणी छिमेकी मुलुक भारतले हालै सार्वजनिक गरेको आफ्नो राजनीतिक नक्सामा नेपालको भूभाग कालापानी, लिम्पियाधुरा र लिपुलेकलाई समेटेपछि नेपाल-भारत सीमा विवादका नयाँ तथ्यहरु उजागर हुन थालेका छन् । सीमा सुरक्षाका लागि खटिएको सशस्त्र प्रहरी बलले गृह मन्त्रालयमा बुझाएको एक प्रतिवेदनमा नेपाल-भारत सीमा जोडिएका १५ जिल्लाका ९ सय ६१ स्थानमा सीमा अतिक्रमण भएको उल्लेख गरिएको छ ।


सशस्त्रको प्रतिवेदन अनुसार इलाममा १८, झापामा ३५, मोरङमा १९, सुनसरीमा ३९ स्थानमा भारतीय अतिक्रमण भएको छ । त्यसैगरी सप्तरीमा २१, सिराहामा ६३, धनुषामा ६५, महोत्तरीमा ४५ र सर्लाहीमा १ सय ५१ स्थानमा सीमा मिचिएको छ । रौतहटमा ८ स्थान, बारामा १४ स्थान र सबभन्दा बढी पर्सा जिल्लामा ४ सय ५४ स्थानमा सीमा विवाद रहेको विवरण सशस्त्र प्रहरी बलले प्रतिवेदनमा उल्लेख गरेको छ ।

त्यस्तै कैलालीमा २ स्थान, कञ्चनपुरमा २७ स्थान र समग्र सीमा क्षेत्रमा १ हजार १ सय ५ स्थानमा अस्थायी संरचना निर्माण भएका छन् । ७ सय ४८ स्थानमा भारतीयले खेती गरेको भेटिएको छ । बाँकी ८ पेजमा

# लिम्पियाधुरा फर्काउन सर्वोच्चमा रिट

काठमाडौं । भारतले सीमा अतिक्रमण गरेको नेपालको कालापानीलगायत क्षेत्र फिर्ता गर्न भन्दै सरकारविरुद्ध सर्वोच्चमा रिट दायर भएको छ । हालै भारतले नेपाली भूमिसमेत समेटेर आफ्नो राजनीतिक नक्सा सार्वजनिक गरेको थियो । त्यस घटनाप्रति सरकार मुकदर्शक भएको भन्दै सर्वोच्च अदालतमा बुधबार दुई छुट्टाछुट्टै रिट दायर भएका हुन् ।

सुस्ता कालापानी, लिम्पियाधुरालगायत भूभागमा सरकारले आफ्नो सीमाको नापजाँच गरी सीमा निर्धारण तथा रक्षा गर्नेतर्फ कूटनीतिक पहलसमेत नगरेको रिट दिनेहरूको जिकिर छ । पाटन क्याम्पसका उपप्राध्यापक फणिन्द्र नेपाल र अधिवक्ता सुजित केसीले संयुक्तरूपमा एउटा र अधिवक्ता कञ्चनकृष्ण न्यौपानेले अतिक्रमित भूमिको सुरक्षाको माग गर्दै प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृहमन्त्रालय, रक्षामन्त्रालय लगायतलाई विपक्षी बनाई अर्को रिट दिएका छन् ।




'लिम्पियाधुरादेखि लिपुलेक भञ्ज्याङबीचको ३७२.४ वर्ग किलोमिटरको क्षेत्रफलमा फैलिएको भूभाग सन् १९६२ देखि भारतीय सेनाले कब्जा गरेको हो । उक्त भूभागको क्षेत्रफल झन्डै ललितपुर जिल्लाको क्षेत्रफल ३८५ वर्ग किमि जति रहेको छ । यो नेपालको सार्वभौमिकता, अखण्डता र राष्ट्रिय स्वाभिमानविरुद्ध भएको यो खुला प्रहार हो । विभिन्न नक्साहरूले लिम्पियाधुराबाट उद्गम भएको कुटियाङ्दी नदी नै काली नदी हो भनी प्रमाणित गरिसकेको भए पनि इन्डियाले कालापानीमा रहेको सानो पोखरीबाट निस्केको खोल्सोलाई यो नै काली नदी हो र यही पोखरी नै काली नदीको मुहान हो भनी भ्रम पैदा गरिरहेको छ,' नेपालको रिटमा भनिएको छ ।

सन् १९६२ मा चीन-भारतबीच भएको युद्धपश्चात् सामरिक दृष्टिकोणले पनि महत्वपूर्ण मानिएको लिपुलेक र लिम्पियाधुराबीचको नेपाली भूभागमाथि भारतले कब्जा जमाएको रिटमा लेखिएको छ । रिटमा भनिएको छ, 'लिम्पियाधुरा र कालापानी पूरै नेपालको भूभाग हुन् भनी पुष्टि गर्ने थुप्रै नक्सा र दस्तावेजहरू छन् । नेपालले ०१८ सालमा काली पूर्वका कुटी, नाबी, गुन्जी आदि गाउँमा जनगणनासमेत गरेको थियो । तर, पनि कालापानीबाट भारतीय सेना हटाउन नेपाल सरकारले कहिले पनि तदारुकता देखाएको पाइएको छैन ।'

भारतीय अर्धसैनिक बलको नियन्त्रणमा रहँदै बाँकी ८ पेजमा

## रिक्त ४८ पदमा २८१ को उम्मेदवारी

काठमाडौं । आगामी १४ मंसिरका लागि तय गरिएको उपनिर्वाचनअन्तर्गत स्थानीय तहका लागि रिक्त ४८ पदमा हुने उपनिर्वाचनमा २ सय ८१ जनाको उम्मेदवारी दर्ता भएको छ । प्रतिनिधि तथा प्रदेशसभा उपनिर्वाचनका लागि २१ कात्तिकमै उम्मेदवारी दर्ता गराइसकेको आयोगले बुधबारका लागि स्थानीय तहतर्फ उम्मेदवार मनोनयन दर्ता तोकेको थियो । स्थानीय तहतर्फ नगरपालिका प्रमुख १, गाउँपालिका अध्यक्ष ३, उपाध्यक्ष १ र वडा अध्यक्ष ४३ गरी कुल ४८ पद रिक्त रहेको आयोगले बताउँदै आएको छ ।

स्थानीय तहअन्तर्गत उपनिर्वाचन हुने धरान उपमहानगरपालिकासहित पाँचथरको फाल्गुनन्द, संखुवासभाको मकालु र महोत्तरी पपरा गाउँपालिकाको रिक्त अध्यक्ष पदका लागि उम्मेदवारी दर्ता भएको छ ।

यसैगरी, हुम्लाको खार्पुनाथ गाउँपालिकाको रिक्त बाँकी ८ पेजमा

# रोकिएन बस दुघर्टना

गोविन्द विश्वकर्मा


दोलखाको शैलुङ गाँउपालिकाको बागखोरबाट काठमाडौं आउँदै गरेको यात्रुवाहक बस अरनिको राजमार्गस्थित सुकुटे नजिकैबाट सुनकोसीमा खसेर तीन महिने शिशुसहित १७ जनाको मृत्यु तथा कम्तीमा ५२ जना घाइते भएको खबरले सबैलाई मर्माहत बनाएको छ । उक्त दुखद खबरले शैलुङ गाउँपालिका पूरै शोकमा डुबेको छ ।

भौगोलिक विकटता सडकको दुर्गति र बस सञ्चालकको हेलचेक्र्याईंले गर्दा सडक दुर्घटनामा परेर कयौं यात्रुहरुले ज्यान गुमाइरहेका छन । विशेषगरी चाडबाडको सेरोफेरोमा बढी सडक दुर्घटना हुने गरेको पाइन्छ । श्रृङ्खलित रुपमा सडक दुर्घटनाका घटनाहरु बाहिर आइरहँदा पनि सम्बन्धित निकाय कानमा तेल हालेर बसिरहेको छ । चाड सकिएसँगै गाउँबाट राजधानी फर्किनेहरुको भीड बढिरहेको छ । गाउँबाट राजधानी फर्किनका लागि गाडी कम पाइने र चाँडै आउनुपर्ने बाध्यताले गर्दा खचाखच बसमा ज्यानको बाजी राखेर यात्रुहरु बसमा चढने गर्छन ।

क्षमताभन्दा बढी यात्रु राखेर गाउँबाट गाडी गुडाउँदा आइपर्ने जोखिमको लेखाजोखा गर्ने काम हुँदैन । यात्रुलाई जसरी पनि समयमा काठमाडौं पुग्नु छ भने बसवालाहरुलाई बाँकी ८ पेजमा

# युवा नेत्र सेवाको २३ वर्षे अभियान

काठमाडौं । काभ्रेपलाञ्चोक कात्तिकेकी ८७ वर्षीया सुकुमाया तामाङ आशैं मारिसकेको संसार फेरि प्रस्ट देख्न पाएकोमा अत्यन्तै खुसी हुनुभयो । आँखामा मोतिबिन्दुको उपचारपछि पट्टी खोल्दा धमिलिएको दृश्य विस्तारै सङ्लिएर देखिएपछि खुसीको आँशु झार्दै उहाँले भन्नुभयो- 'मेरा लागि त अर्कै संसार देखे जस्तो भयो ।' २३ वर्षदेखि काठमाडौंसहित देशका विभिन्न ठाउँमा मोतिबिन्दुको शल्यक्रिया सेवा प्रदान बाँकी ८ पेजमा



## नेपाल-भारत सीमामा नयाँ पिलर

काठमाडौं । एक हजार ८ सय ८० किलोमिटर लामो नेपाल-भारत सीमाक्षेत्रमा १ हजार २ सय ४२ सीमास्तम्भ (पिलर) नयाँ निर्माण गरिएको छ । नेपाल-भारत सीमाक्षेत्रको वैज्ञानिक मापन गर्न चार वर्षअघि गठन गरिएको नेपाल-भारत संयुक्त सीमा कार्यदलल्ले २ सय ११ पिलरमा रङरोगन, १ हजार ९ सय ८४ पिलर मर्मत र १ हजार २ सय ४२ पिलर नयाँ निर्माण गरी पुरानो ठाउँमा गाडिएको जनाएको छ । सुगौली सन्धिपछि दुवै देशको सिमाना ८ हजार ५ सय ५४ पिलर गाडिएको थियो । ती पिलर कतिपय लडेका, कतिपय हराएका, कतिपय मर्मत गर्नुपर्ने अवस्थामा पुगेकाले चार वर्षदेखि वैज्ञानिक मापन जारी छ ।

कार्यदलले अध्ययन गरेका ८ हजार ५४ पिलरमध्ये ४ बाँकी ८ पेजमा

समय सन्दर्भ

# विवेकशील नेतृत्वको खडेरी

■ पूर्ण ओली

हाम्रा देशका प्रायः सबै प्रधानमन्त्रीहरुको पृष्ठभूमि हत्या हिंसा नै देखिन्छ । २०४६ सालको समयसम्मलाई राजाले शासन गरेको मान्ने हो भने हामीले २००७ सालपछिको प्रजातन्त्रमा राजा त्रिभुवनलाई नेपाली कांग्रेस र भारतको सहायताबाट सत्ता प्राप्त भएको देखिन्छ । राजा त्रिभुवनले प्रजातन्त्र कायम राख्नेबाहेक खासै उल्लेखनीय कार्यहरु गरेको देखिँदैन । त्यसपछि भएका राजाहरुमा महेन्द्रले आफूले चाहेका धेरै राम्रा कार्यहरु गरे । जसमा पूर्वाधार विकासका कार्यहरुदेखि अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार गर्ने कार्यहरु देखिन्छ ।

राजा महेन्द्रले को मानिस कहाँ ठिक हुन्छ भनी सही छनौट गर्ने गरेका थिए जसबाट देशले धेरै फाइदा



पायो । शायद राजा महेन्द्रले देशलाई परेको अपठ्यारा हेर्दै आएका थिए । राणाकालदेखि नै देशलाई कसरी अगाडि बढाउन सकिन्छ भनी निकै सोचविचार गरी आफूले मौका पाउनासाथ ती सबै योजनाहरु अघि बढाउँदै लगेका हुनसक्छन् । खासगरी राजा महेन्द्रले सक्रिय रुपमा २०१७ सालदेखि २०२८ सालको छोटो अवधिमा पनि धेरै उल्लेखनीय कार्यहरु भएका विषयमा हामी सबैले देख्न र भोग्न पायौं । उनमा सही समयमा सही निर्णय गर्ने क्षमता निकै राम्रो भएको पाइन्छ । त्यसपछि राजा वीरेन्द्र अचानक राजा हुनुपर्दा धेरै कुरा बाबुबाट सिक्न नपाए पनि प्रजातन्त्रवादी स्वभाव भएका राजाले केही सुधार गर्दै लगेका थिए । तर उनको भलाद्मीपनको फाइदा वरिपरि बस्नेले लिएका देखिन्छन् । राजा वीरेन्द्रलगायत सम्पूर्ण परिवार दरबार हत्याकाण्डमा समाप्त भएपछि भाइ ज्ञानेन्द्रले सत्ताको बागडोर आफ्नो हातमा लिनुपर्‍यो । तर उनी राजा बन्ने किसिमले तयार नभएका र व्यापारमा व्यस्त भएकाले जनताको चाहनाअनुसार शासन गर्न असमर्थ भए । साथै देशभित्रका दलहरुको दबाव र भारतलगायत पश्चिमाहरुको असहयोगमा सत्ता छोड्न बाध्य पारिए ।

नेपालको भौगोलिक अवस्था तथा राजनीतिक महत्व भएको देश जसमा दुई ठूला छिमेकी देशको बीचमा अवस्थित सानो तर महत्वपूर्ण देशको आफ्नै महत्व थियो र छ । राजालाई हटाएर गणतन्त्र स्थापना भइसकेपछि राजनीतिक अस्थिरता चाहने मुलुकहरुका लागि सुनौलो अवसर प्राप्त भयो । देशको स्थायित्व बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक**
**तेजेन्द्र प्रसाईं**

**प्रबन्ध सम्पादक**
**कृष्णराज दुलाल**

**प्रबन्ध निर्देशक**
**किरण थापा**

**अतिथि सम्पादक**
**विष्णु भट्टराई**

**सहसम्पादक**
**घनश्याम ओली**

**सम्पादन सहयोगी : गोविन्द विक**

**बजार व्यवस्थापन**
**रामशरण रिमाल**


**आजीवन सल्लाहकार**
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, श्री सुष्मा वज्राचार्य, ईं. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी

**मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं**
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

# नेपालको नयाँ नक्साले अब टिस्टा काँगडा समेट्ने छ

**सुरेन्द्र ढकाल**






जनताको बीचमा जाँदा आफूलाई राष्ट्रवादी बनिटोपल्दै भोट बटुली सत्तामा पुगेर भारतको सामु लम्पसार पर्ने प्रवृत्तिको अन्त्य हुने दिन आएको छ। टिस्टा काँगडा प्रदेश मात्रै होइन, यही मेची महाकालीबीचको सुस्तासहितको ७४ स्थानमा भारतले मिचेको नेपाली भूमिलाई भारतले आफ्नो राजनीतिक नक्सामा समेटेपछि यो राजनीतिक परि दृश्यको विकाश भएको हो। भारतको यो नयाँ नक्साभित्र लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रलाई भारतले औपचारिक रुपमा आफूभित्र पार्नुले नेपालमा राष्ट्रवादी नेपाली जनता भारतीय विस्तारवादको विरुद्ध सडकमा उत्रन बाध्य भएका छन् ।

भारतीय विस्तारवादलाई अब ठेगान लाउने दिन आएको भन्दै त्योभन्दा पहिले भारतीयहरुको एजेन्ट बनेर नेपाली सत्तामा छाएका भारतीय स्वार्थ बोकेर नेपालमा राजनीति गर्ने दल र तिनीहरुका नेताहरुलाई तह लगाउनुपर्ने माग सडकबाट उठ्नुले अब कति नेताहरु जनताको तारो बन्ने हुन् हेर्न केही दिन वा हप्ता कुर्नुपर्ला ।

राष्ट्रवादको पक्षमा र भारतीय विस्तारवादको विरुद्ध उर्लिएको जनलहरबाट त्रसित भएरै होला भारतीय गुप्तचर संस्था रअका नेपाली एजेन्ट बेस्सरी तिलमिलाएका छन् । जनकारबाहीमा परिएला भनेर प्रधानमन्त्री ओलीले सर्वदलीय बैठक बोलाउनु, संसदीय समितिले लिम्पियाधुरा, लिपुलेक र कालापानीलाई नेपाली सिमानाभित्र राखी नेपालको नयाँ नक्सा जारी गर्ने उर्दी गर्नु जस्ता कुराहरु सुन्नमा आएका छन् ।

हिजो महाकाली सन्धिमा संसदको दुईतिहाइबाट अनुमोदन गराउने तत्कालिन एमाले र सो कारण देशद्रोही एमालेबाट आफूहरु फुट्न परी माले गठन गर्नु परेको तथ्य उजागर गर्न वामदेवले हतारिएर वक्तब्य दिनुले तत्कालिन एमाले गुटहरु कति हतास हुन पुगेछन् भनेर सोझै लख काट्न सकिन्छ । महाकाली सन्धिपश्चात नेपालले वार्षिक एक खरब बीस अरब कमाइको पशिचमबाट हुने सूर्योदयले नेपाललाई समृद्ध बनाउने गुड्डी हाँक्ने केपी ओली, महाकालीबाट उत्पादित बिजुलीलाई स्याटलाइटबाट निर्यात गरी देश धनी बन्छ भन्ने प्रकाण्ड मूर्ख वैज्ञानिक माधव नेपाल अनि राष्ट्रवादभन्दा सत्ता प्यारो ठानी मालेबाट पुनः एमालेमा फर्किएका वामदेवलाई नेपाली जनताले कस्तो कारबाही गर्लान् त्यो पनि यो आन्दोलनले देखाउने नै छ ।

झन् भारतसँग बंकर युद्ध गरेर भए पनि नेपालमाथिको भारतीय अर्धऔपनिवेशिक उत्पीडन अन्त्य गर्ने भ्रम सिर्जना गरी जनयुद्ध थाली १७ हजार नेपाली आमाका छोराछोरी मारेको तर भारतीय सैनिकलाई माओवादी लडाकुको भेषमा नेपाल छिराइ तत्कालिन शाही सेनाको ब्यारेकमा आक्रमण गर्न सफल र त्यही सफलताको कडीमा आफ्ना सहयोद्धा मोहन वैद्य र सीपी गजुरेललाई भारतीय प्रहरी लगाइ थुनाई भारतको निर्देशनमा १२ बुँदे सम्झौता गर्ने माओवादी महानायक लेण्डुप दोर्जेको दोस्रो संस्करण कमरेड प्रचण्ड भने यतिखेर त्यति तिलमिलाएको देखिएन । उनी अझै यस मुद्दालाई अन्तर्राष्ट्रियकरण गर्न नहुने जिकिर गर्दै आफ्नो प्रभुलाई खुसी पारी प्रधानमन्त्री पद हत्याउने आशा गर्दैछन् । भारतको पाउ मोलेर ती क्षेत्र फिर्ता लिने उनको मनसुवा छ । हेरौं राष्ट्रवादी नेपाली जनताले यिनलाई कस्तो सजाय गर्ने हुन् ।

जे होस् लिम्पियाधुरा, लिपुलेक र कालापानीलाई आफ्नो नक्सामा पारेर भारतले बढो साहसिलो काम गरेको छ। यही कारण अब राष्ट्रवादी नेपाली जनताको राष्ट्रवादको आन्दोलनमा पाकिस्तान, चीन, स्वतन्त्र कास्मिर र खालीस्तानी जनताले ऐक्यबद्धता नजनाइ सुखै छैन । किनकी सोही नक्साले कास्मिरी जनताको स्वायत्तताको नैसर्गिक अधिकार समेत खोसेको छ । यसले एकातिर नेपालको लम्पसारवादी राजनीतिक दल र नेताहरुको कत्तल त गर्ने नै छ झन् त्यसमाथि यस आन्दोलनले अंग्रेजले बनाइदिएको कृत्रिम भारतको व्यावहारिक विखण्डन गर्ने प्रकृयाको शुभारम्भ गर्ने नै छ ।

नेपालमा भारतीय विस्तारवाद विरोधी राष्ट्रवादी आन्दोलन चलिरहँदा विश्वमा रहेका नेपाली र गोरखा सैनिकहरु अवश्य चुप लागेर बस्ने छैनन् । नेपाली राष्ट्रवादको जित हुँदा बन्ने नेपालको नक्साले अब लिम्पियाधुरालाई मात्र नभई टिस्टा काँगडालाई पनि पुनः आफूभित्र समेट्ने छ । जय राष्ट्रवाद ! जय ग्रेटर नेपाल !!

## सम्पादकीय

# ग्रेटर नेपालको मुद्दा ब्युँताऔं


मध्यकालीन विशाल नेपाल तत्कालीन राजाहरूले आफ्ना छोराहरूलाई अंशका रूपमा राज्यको भाग लगाउन थालेपछि राज्य टुक्रिने क्रम बढ्दै गयो । पश्चिमा बाइसे चौबिसे राज्यहरू काठमाडौं उपत्यकामा अनेक नगर राज्यहरू, पूर्वमा वल्लो किराँत, पल्ले किराँत माझ किराँत र सेनहरूका विजयपुर, चौदण्डी, मकवानपुर आदि राज्यहरू यसका उदाहरण हुन् । अझ पहाडका थुम्कैपिच्छे राजा भएकाले तिनलाई भुरेटाकुरे राजा भन्ने चलन चलेको थियो ।

हिमाली अधिराज्य आपसी झगडा र विलासितामा रमिरहेका बेला दक्षिणतर्फ अंग्रेजहरू व्यापारसँगै उपनिवेश विस्तार गर्दै आइरहेका थिए । सन् १७५७ मा पाल्सीको युद्धमा बंगालका नवाव पराजित भएपछि अंग्रेजहरूले उपनिवेशको क्रमलाई तीव्रता दिए । बंगाल अधिनस्थपछि अंग्रेज हुकुमत विहार आइपुग्यो । उसले पहाडी अधिराज्य पनि अब हान्नेछ भन्ने ठम्याई गोरखा नरेश पृथ्वीनारायण शाहले लिए । अंग्रेजहरू यता बढ्नुअघि नै उनले खण्डित प्रदेशहरूलाई एक गर्ने दूरगामी महत्वकांक्षा लिए । २६ सेप्टेम्बर १७४४ मा दोस्रो पटक नुवाकोटमाथि सफल आक्रमण गरेर सुरू भएको उनको राष्ट्रिय एकीकरणको अभियान पूर्वतिर निरन्तर अघि बढ्यो । १७६६ मा कीर्तिपुर, १७६८ मा कान्तिपुर १७६९ मा ललितपुर र भक्तपुरलाई एकीकृत गरेपछि १७७३ मा माझ किराँत हुँदै १७७४ को अन्त्यतिर दार्जिलिङ पुग्यो ।

सन् १७७५ को जनवरी १० मा पृथ्वीनारायण शाहको मृत्यु भएपछि तत्कालका लागि एकीकरण अभियान रोकियो । यसपछि प्रतापसिंह शाहले १७७७ मा चितवनलाई नेपालमा मिलाए । प्रतापसिंह शाहकी विधवा राजेन्द्रलक्ष्मीले १७८२ मा लमजुङ र तनहुँलाई नेपालमा मिलाइन् । यता पूर्वतर्फको सिमाना सन् १७७४ मै दार्जिलिङको तराई सिलिगुडीसम्म विस्तारित भएकोमा नेपाली फौज अझ पूर्वतर्फ बढ्दै गयो र १७७९ मा सिक्किम दखल गर्‍यो । बहादुर शाहको नायबीमा अर्घाकोट, गुल्मी, इस्मा, बाग्लुङ, प्युठान, दाङ, मुसिकोट, जाजरकोट, विजित भई केही भूभाग पाल्पामा र बाँकी नेपालमा एकीकृत भए । यो विजय अभियान यतिमै रोकिएन, सुर्खेत, दैलेख, अछाम र डोटी हुँदै १७९० मा महाकाली नदीसम्म पुग्यो । सन् १७९१ म नेपाली फौज महाकाली नदी तरी अल्मोडा, अलकनन्दा हुँदै गढवालसँग युद्ध गर्न पुग्यो । गिर्वाणयुद्धविक्रम शाहका नायब रहेका भीमसेन थापाले पाल्पालाई नेपालमा मिलाए । अमरसिंह थापा नेतृत्वको नेपाली फौज १८०४ मा गढवाल, १८०५ मा सतलज नदी हुँदै काँगडामा पुग्यो ।

अंग्रेजहरू नेपालको बाटो हुँदै तिब्बतमा व्यापार गर्न चाहन्थे । तर सिक्किमदेखि सिमलासम्म फैलिएको नेपाल उसका लागि बाधक बन्यो । अंग्रेजले सीमा विवादमा निहुँ खोज्न सुरू गर्‍यो । इ.सं. १८०१ म नेपाल र इस्ट इन्डिया कम्पनीबीच भएको सन्धिको विपरीत नेपाललाई १५ दिनभित्र बुटवल र स्युराज छोड्न धम्कीपत्र पठायो । म्याद सकिनासाथ बुटवलमाथि चढाइँ गर्‍यो । अंग्रेज सेना बुटवलबाट फर्किनासाथ नेपाली सेनाले बुटवल फर्कायो । यसैलाई निहुँ बनाएर सन् १८१४ नोभेम्बर १ मा अंग्रेजले नेपालसँग युद्ध घोषणा गर्‍यो । अंग्रेज पक्षका डेभिड अक्टारलोनी र अमरसिंह थापाबीच वार्ता भई सन् १८१५ मे १५ मा एक समझदारी पत्रमा हस्ताक्षर भएपछि युद्ध रोकियो । सन् १८१६ को सुगौली सन्धिले नेपालको मेचीपारि टिस्टा र महाकालीपारि काँगडासम्मको भूभाग गुम्यो । सन् १९४७ मा अंग्रेजहरूले भारत छोड्दा ती भूभागहरू फिर्ता गरेनन् । तर १९५० जुलाई १ को भारतसँगको शान्ति तथा मैत्री सन्धिको धारा ८ ले सुगौली सन्धिलाई खारेज गरेकाले गुमेको भूभाग स्वतः नेपालले पाउनुपर्छ । अहिले सीमा विवादका बेला ग्रेटर नेपालको विषय उठाउनैपर्छ ।

# महिलाकै चासो आवश्यक



**जगदीश लामिछाने**
रौतहट, पौराई

यो देश नेपाल समाज स्थान र कार्यक्षेत्र समेत राजमार्ग अर्थात् सुविधायुक्त सुन्दर सडकजस्तै हुँदैछ । हाम्रो कार्यक्षेत्र पनि त्यस्तै हो । हामी मानव यही बाटोमा हिँड्ने यात्री हौं । यो कार्यक्षेत्र नै राजमार्ग जस्तै नियमित र योग्य बनाउने एउटा कार्यकर्ता हामी पनि हौं । यसैले यो बाटोमा हिँड्दा होस गरेर हिँड्नैपर्छ । त्यो कर्तव्य आफैं पुरुष महिला कसैले पनि भुल्नु हुँदैन ।

उदाहरण कुनै बाटो दुवैतिर सार्वजनिक भएकै छ र चलनचल्तीमै छ भन्ने थाहा पाएर मात्र पुग्दैन । सरकारी पक्की सुरक्षा भएपछि मात्र सरकारी कार्यालयहरुले र अहिले अधिकार प्राप्त नगरपालिका वडा कार्यालयहरुले पनि भूमि कर तथा अरु कर मालपोत लिने गरेको देखिन्छ। यो काम त प्राचीन समयदेखि नै चलेकै हो । कस्तो ठाउँको लिने कस्तोको नलिने भनी प्रकृतिले नै छुट्याउँदै जान्छ । कुनै पनि सार्वजनिक मूल सडकको मालपोत जनताले तिरेर साध्य हुँदैन । यस्तै बगिरहेको नदी क्षेत्रको पनि तिरिँदैन । कुलाहरुले पनि धेरै क्षेत्र सिंचाइ गर्ने हुन् । कसैले तिरेर साध्य हुँदैन र युगयुगका सरकार हरुले यहाँ मालपोतै लिँदैनन् । यस्तो कुरामा कारखाना जगा भवन आदिको कर त्यसको उपभोगकर्ता धनीसँग लिइन्छ। अरुसँग हैन। हक पनि उसकै हुन्छ । त्यहाँ नापी कार्यालयहरुले र भूमिकर लिने कसैले पनि त्यो क्षेत्र सार्वजनिक भनी हैरान गर्नु प्रशासनको रवाफ र फुर्ति मात्र हो। पुराना खोचे थप्ने चलन नै हो भनी दिँदा फरक पर्दैन । यसैगरी हामी मानवले पनि आफ्नो कर्तव्य पूरा गर्दा जात वर्ण लिंग र वर्ग अर्थात् धनी गरिब समर्थ असमर्थ भनी भेदभाव गर्नु हुँदैन । आफूलाई तोकिएको आधारमा विवेक पुर्‍याइ काम गर्नैपर्छ। त्यसमा आफ्नो क्षमता नपुगे अर्कै कुरा नत्र त्यहाँ बाधा विरोध कटाक्ष परोक्ष अपजस दिने हैन, समस्याविहीन हुँदैको प्रगति मार्ग प्रतिबिम्बित हुँदै जानुपर्छ। तैपनि आरक्षण दिनैपर्ने भए माथि भनिएझैँ धुवसत्य नीति र लिखित नीति दुवैतिर फरक नपर्ने गरी काम गर्नु वर्तमान कालमा भूमिमा नारी वर्गमा र सरकारका कार्यालयहरुमा बराबर अनुगमन भइरहनुपर्छ। वर्गीय लिंगीय स्थानीय आरक्षण के हो ? किन हो र कसरी हो ? यस कुराको मापदण्ड तोकिनैपर्ने भएको छ। कति समय यो आरक्षण हो ? यो पनि हेरौं कि ?

छोरीहरु हामीले पढाएका छौं । शिक्षा स्वास्थ्य क्षेत्रमा जागिरे नारीहरु प्रशस्त देखिइसके । अझै उनीहरु पढिरहेकै छन् । प्रशासनमा उड्डयनमा पनि नारीहरु देखिएकै छन् । अरु प्राविधिक विषयमा पनि नआउने कुरै भएन । सेनामा र प्रहरीहरुमा पनि सरकारहरुले नारीहरु लिएकै छन् । उनीहरुको सुरक्षासम्म त अल्पसंख्यकको लागि हुनैपर्छ । त्यहाँ सुविधाको माग आएपछि त्यस विषयमा अति चाँडो नीति नियमको टडकारो आवश्यकता देखियो । उदाहरण 'दलित' शब्दलाई नै लिउँ । आफूले आफैंलाई त्यत्तिकै दलित किन भनेका छन् । त्यहाँ सुविधा लिने मात्र चाहना हो कि कसैले उनलाई दलित भनी दण्डनीय अपराध नै गरेको छ कि ? त्यो हेरेर दण्ड दिनुपर्ने नै भए दिन कन्जुस्याइँ गर्नु पनि हुँदैन । अशान्ति नै मच्चाउने नियत भए शान्तिसुरक्षातर्फ कुनै कूटनीतिक आन्तरिक नियत समेत लागू गरिदिनैपर्छ ।

यस्तै नारी कर्मचारीहरुमा सबै तहका सरकारहरुले होस गरौं । आरक्षण शब्दहरु नै सबैतिर विधानमै हटाउन ताकेता समेत गर्नुपर्ने बेला भयो कि भएन । आफैं हीन भन्नेहरुले विचार गर्नैपर्ने भएको छ। नारीहरुले पनि आफूले आफैंलाई महिला अर्थात् पुजनीय भएँ कि भइनँ भन्ने बराबर सोच्ने गर्नुपर्छ। केही नारीहरुमा एउटा अत्यन्त सोचनीय अवस्था पनि छ। सरकारले प्रहरी सेनामा पनि नारीहरुलाई भर्ना लिइँदा लिइँदै पनि आफ्नै कमजोरी वा अरुको पीडामा परेर स्वदेश विदेशमा अलपत्र आफ्ना नागरिक नारीहरुको रक्षा गर्न सरकार प्रयत्नशील नै देखिन्छ तैपनि टड्कारो राष्ट्रिय मूल समस्यामा होस नै नगरी नारी नेतृहरुले महिला जसरी काम गर्न बिर्सेर आफ्नै नेपाल सरकारलाई विदेशी नागरिकहरुको बोझ पर्ने गरी काम गर्नु हुने थिएन । आफ्नै विदेशी पति छोराछोरी र हुन सके सासुससुरा पनि नेपाली गराउन अघि सर्ने नारीलाई महिला भनौं कि नभनौं आफैं जवाफ दिनुहोस् ।

मह पूजाकै अर्थमा महिला नाम रहेको छ । यो नाम रहनुमा गर्व गरेर गृहलक्ष्मी गृहमाता र गृहनिर्देशन कर्तृ भएर उज्यालो घरगृहस्थी चलाइरहेका महिला धेरै छन्। सीपयुक्त प्रविधि दिएर शालीन प्राविधिक महिलाहरु पनि बढ्दै छन् । खड्गो चाहिँ केमा परिरहेको छ भने अझै नारीकै मार्गनिर्देशनमै नारीलाई महिला बनाउने नीति निर्माण कर्तृहरुको कमी नै देखिन्छ। धेरै नारीहरु दोधारमै देखिन्छन् । यस्तो अवस्था पशिचमी जगतमा झन् विकराल भएर वृद्धाश्रमहरुमा रुँदै दिन बिताउने धेरै नारीले मार्गदर्शिका पाएकै छैनन् भन्न सकिन्छ । नत्र विकसित देशहरुमा सम्पूर्ण जसोले वृद्धवृद्धाश्रममा दिन बिताउनैपर्ने थिएन। सक्दो र हुने काम गरी सब वृद्धवृद्धाले जीवन बिताउन पाउने नै थिए । बालखहरुले सानैमा मातृ विछोड हुनुपर्ने थिएन । किनभने मुख्य रुपमा मानव वंश रक्षाको परम्परा खुसीसाथ विभिन्न कठिनाइहरुसँग जुध्दै बालखको बाबुलाई पनि अरु पोथी प्राणीभन्दा १० पाइला अघि सरेर बालख पालनकर्ताको जिम्मेवारी दिन सरकारै समेत गुहारी सफल भएकाले मानव नारीले महिला हुन पाएका हुन् भन्ने लाग्छ । समस्याहरु चाहिँ नारीहरुको विभिन्नतामै छन् । कुनै मैत्रेयी गार्गी यी समस्या समाधान गर्न अघि सर्नहुन्छ कि ? यसैले यो रचनाको शीर्षक नै महिलाकै चासो आवश्यक रहन गएको हो। अस्तु ।

# दर्शन, विश्वदर्शन–५

■ **सुदर्शन प्रधान**

यता चीनमा पनि १९७६ मा माओको शेषपछि तङ स्याओ पिङको नेतृत्वमा खुल्ला बजार अर्थनीति अपनाएर आज आर्थिक, भौतिक र सैन्य दृष्टिले मजबुत बनेको छ । विश्वका बादशाह बनेको अमेरिका र युरोपियन थुप्रै राष्ट्रहरुलाई समेत ऊ ट्रिलियन-ट्रिलियन डलर ऋण दिन र लगानी गर्न सक्षम बनेको छ। यसो हुनमा कार्लमार्क्स, एंगेल्स, लेनिनहरुका सिद्धान्तहरु, स्टालिनको व्यवहारत कम्युनिस्ट अन्तराष्ट्रवादको भारी र चौतर्फी सहयोग, माओत्सेतुङको प्रत्यक्ष नेतृत्व अनि करोडौं चिनियाँ लालसेनाहरु र जनमुक्ति सेनाहरुका योगदान छ भनेर वर्तमान चिनियाँ नेतृत्वले आत्मसात गरेको देखिन्न । बरु उनीहरु त कन्फ्युसियसको दस हजार सिद्धान्तहरु प्रचार गर्न विश्वव्यापी १ हजार कन्फ्युसियस शिक्षा केन्द्रहरु खोल्न लागिरहेछन् । चिनियाँ नेतृत्वहरु आफ्नो राष्ट्रको समृद्धि विश्वभरि बाँड्न र सहकार्य गर्न तयार रहेको बताउँछन् तर वर्गहरुको उन्मुलन, निजी सम्पत्तिलाई सामूहिकीकरण, श्रमिक वर्ग र महिला वर्गप्रतिको असीम सम्मान र श्रद्धा, राष्ट्र, जाति, भाषा, संस्कृतिहरुको विलुप्तता र समायोजन अनि विश्वव्यापी समानता, स्वतन्त्रता र भातृत्वको मार्गमा लाग्दैनन् भने यो कुरा ठोकुवा गरी भन्न सकिन्छ कि कन्फ्युसियसको सिद्धान्तले चीनलाई पनि विश्वमा अजिङ्गरझैँ बनाउने छ । अनि जनताको रगत र आँसुको नदी जीवन्त रहिरहनेछ विश्वभरि र चीनभरि । जुन इतिहासभरि छताछुल्ल छ ।

आर्थिक, सैनिक र भौतिक रुपले विश्वमै एक उदयमान भारतमा कम्युनिस्ट पार्टी स्थापना भएको एक सय वर्ष पुरानो भयो । तर सहर पसेका र जंगल बसेका दुवै धाराका कम्युनिस्टहरुले यहाँ छलाङ मार्न सकेनन् । बरु एउटा पशु भनौँ गाईको राजनीति गर्नेहरु यहाँ बलवान् छन् । तिनले दक्षिणपूर्वी एसियाभरि दादागिरी प्रदर्शन गरिरहेछन् । जनताको अन्धविश्वासलाई भजाएर अनि कम्युनिस्टहरुको अकर्मण्यताले यहाँ ठूलो युद्ध र अशान्ति मच्चाउने प्रबल सम्भावना छ । कस्मिर मिसन उसले भर्खरै सुरु गरिसक्यो । अब अयोध्यामा राम मन्दिर बनाएर उसको पल्टन नेपालतर्फ बढ्ने सम्भावना छ, 'हिन्दु राज्य र राजतन्त्र' स्थापना गर्न । यही भारतमा बीसौं शताब्दीको सत्तरीको दशकमा दसौं करोड किसानहरुले किसान आन्दोलन थालेका थिए । नेपालको काँकडभित्तादेखि केही पूर्व पर्ने नक्सलवाडी गाउँबाट जमिन्दारहरुको जग्गा कब्जा गरेर थालिएको यो आन्दोलन, अभियान र क्रान्ति भारतको विहार, उत्तरप्रदेश, मध्य प्रदेश, उडिसा, आन्ध्र प्रदेशलगायत १०,१२ वटा प्रान्तमा फैलिएको थियो । त्यो ऐतिहासिक घडीमा चीनसँग आत्मीय सम्बन्ध गाँस्न गएको भारतीय कम्युनिस्ट पार्टीको टोलीलाई चिनिया नेतृत्वले आर्थिक, भौतिक, सैन्य, वैचारिक, नैतिक हर रुपले सहयोग गर्नुपर्नेमा 'क्रान्तिको आयात निर्यात हुँदैन', 'चीनको माओ हाम्रो माओ भन्न पाउँदैन', भनेर झपारेर पठाए । (क्रमश)


# मैले देखेको ११७ औं विश्व सम्पदा

# रोमको सान्ता मारिया माज्जोरे

सुरेन्द्र ढकाल



अगाडिबाट हेर्दा सान्ता मारिया माज्जोरेको बासिलिका यस्तो देखिन्छ



बासिलिकाभित्र सिंगमरमरका टुक्रा जोडी बनाइएको क्राइस्ट र मेरीको जीवनसम्बन्धी कलाकृति

चितवन राष्ट्रिय निकुञ्ज अवलोकन गरेपछि हामी काठमाडौं फर्कियौं । काठमाडौंमा दुई-तीन दिन बसेपछि मित्र मोनिका जर्मनी प्रस्थान गरिन् अनि म पनि आफ्नो घर निर्माण गर्ने कार्यमा केन्द्रित भएँ । सामान्य प्रशासन मन्त्रालयले विदेशबाट पढेर आएपछि मलाई अझै पदस्थापन गरेको थिएन । बिहान मन्त्रालयको अतिरिक्त समूह गई हाजिर गर्‍यो, फर्कियो अनि घर निर्माणस्थल मैतिदेवीमा दिन बितायो । यसै गरी मेरो दिन चर्या चलिरहेको थियो ।

सन १९९० को अक्टोबरमा घर निर्माण सक्दा नसक्दै गलैंचा धुलाइ गर्नेहरुले मेरो घर भाडामा लिए । अनि अब म के गर्ने होला भनेर सोच्दै थिएँ । त्यतिखेरै दाँते विश्वविद्यालय रेज्जो कालाब्रिया इटलीले इटालियन भाषा संस्कृति प्रशिक्षक प्रशिक्षणको ३ महिने कोर्षको लागि मलाई छनोट गरेको पत्र प्राप्त भयो । हवाई भाडा र महिनाको आठ लाख इटालियन लिरा (आठ सय अमेरिकन डलर) को छात्रवृत्ति प्रदान गरिएको रहेछ । मन्त्रालयले काम पनि नदिएको र घर बनाउने कार्य पनि सम्पन्न भई भाडामा दिएर आफू निश्चिन्त भएको मौकामा पुनः इटली जान पाई इटालियन भाषा र संस्कृतिमा दक्ष हुने मौका चुकाउने कुरा पनि भएन । तसर्थ सरकारी जागिरबाट राजीनामा गरी अक्टोबर महिनाको अन्तिम शुक्रबार एरोफ्लाइटको विमानद्वारा काठमाडौंबाट मस्को हुँदै शनिबार रोम पुगें । शनिबार र आइतबार विदा हुने हुँदा सोमबार बिहानै विश्वविद्यालय पुग्न रोमबाट रातिको ट्रेन चढदा हुने भएकोले म शनिबार र आइतबार रोम नै बसें । रोम शहरको भित्री भागमा रहेको एक सस्तो होस्टलमा पुगेर आफ्नो गुन्टा बिसाएँ । पहिले दुई वर्षअगाडि रोममा एक वर्ष बसी अध्ययन गर्दा त्यहाँको सबैभन्दा ठूलो विश्वविख्यात चर्च सान पियत्रो (सेन्ट पिटर) बारम्बार देखिसकेको कारण त्यतातिर जान मन लागेन । त्यसैले सेन्ट पिटरपछिको रोममा भएका अरु ठूला तीन चर्च सान्ता मारिया माज्जोरे, सान जोभान्नी र सानपाओलो अवलोकन गर्ने विचारले दिनको एक बजे म त्यतातिर लागें ।

**सान्ता मारिया माज्जोरे**

यो चर्च रोम शहरकै केन्द्रविन्दुमा रहेछ । यो इटलीकै सबैभन्दा ठूलो रोमन क्याथोलिक मेरियन चर्च भएको कारण यसलाई वासिलिका भनिँदो रहेछ । यस वासिलिकाभित्र क्राइस्टकी आमा भर्जिन मेरीलाई रोमका जनताको संरक्षकको रुपमा प्रस्तुत गरिएको रहेछ । यस वासिलिका सन ४२२ र ४३२ को बीचको समयमा पोप सिक्टुस तेस्रोले बनाएको ४३५ मा भर्जिन मेरीलाई समर्पण गरेको तर त्यसको कुनै ऐतिहासिक प्रमाण छैन भन्दा रहेछन् ।

ऐतिहासिक आधारमा भन्दा यस वासिलिकाको अहिलेको रुप भने १३ औं शताब्दिकै प्रारम्भमा पोप लिवेरुसले बनाएको र उनले पनि भर्जिन मेरीलाई समर्पण गरेका रहेछन् । यस वासिलिकाको नाम सान्ता मारिया माज्जोरे भनेर १४औं शताब्दिमा नै राखिएको रहेछ । त्यसबेला त्यहाँ क्राइस्टकी माता मेरिको नाममा ठूलो भोजको आयोजना गरिएको रहेछ र त्यो दिन स्मरण गर्ने क्रममा नै यस वासिलाकाको नामाकरण हुन गएको रहेछ । पछि क्रिश्चियन धर्मका प्रमुख गुरु पोप ग्रेगोरी छैठौंको सन १८३८ को अगस्ट महिनामा यही वासिलिकामा राज्याभिषेक समारोह सम्पन्न बताइँदो रहेछ ।



बासिलिकाको प्रार्थना कक्ष र मञ्च (अल्टर)




बासिलिकाभित्र रहेको मेरी र क्राइस्टको मूर्ति



बासिलिकाभित्रको धनुषाकार दलिनमा गरिएको सिंगमरमरको कलाकृति





हिउँ पग्लेपछि एक्कासी उत्पन्न भएको भनिएको बासिलिकाको चित्र

सन १९२९ मा इटली सरकार र पोपको राज्य भेटिकनको होली सीबीच भएको सम्झौताअनुरुप इटलीको भूमिमा यो वासिलिका ठडिएको भए तापनि यसको पूर्ण स्वामित्व भने भेटिकनकै हुने भन्ने व्यवस्था गरिएको रहेछ । यस वासिलिका बारेको सन १९११ देखि एक अर्को ऐतिहासिक कहावत (लिजेण्ड) पनि लोकप्रिय भएको रहेछ । त्यो भनेको त्यतिखेरका पोप लिवेरसको पालामा रोमका एक जोन नाम गरेका सामन्त निसन्तान रहेछन् र त्यसैको कारण उनले एक दिन आफ्ना सबै सम्पति भर्जिन मेरीको पाउमा चढाउने निधो गरेछन् । त्यही दिनको रात रोम शहरको एसक्विलिन भन्ने डाँडामा ठूलो हिमपात भएको रहेछ । त्यही हिउँले पुरिएको डाँडामा रातारात नै यो वासिलिका बनेको र हिउँ पग्लँदा एक्कासी वासिलिका देखेर रोमका जनता आश्चर्यचकित भएको बताउँदा रहेछन् ।

यही लिजेण्डलाई आधार बनाएर इटालिएन कलाकार मासोलिनो दा पानीकाले १५ औं शताब्दिमा एसक्विलिन डाँडामा हिउँ पग्लँदा एक्कासी देखिएको वासिलिकाको पेन्टिङ बनाइ त्यहाँ झुण्ड्याएका रहेछन् । तर जेहोस् यस चर्चलाई रोमन साम्राज्य र शास्त्रीय क्रिश्चियन विश्वको केन्द्रको रुपमा विकाश गरिएको रहेछ ।

कुनै बेला क्रिश्चियन प्रमुख धर्मगुरु पोपको अस्थायी निवाससमेत भएको यो चर्चभित्रको प्रार्थना कक्ष (नेभ) र विजयको प्रतीक धनुषाकार दलिन (ट्रिम्फाल आर्क) मा गरिएको मेरी र उनका छोरा क्राइस्टका जीवन र क्रिश्चियन धर्मको महत्वपूर्ण पुस्तक ओल्ड टेस्टामेन्टसँग सम्बन्धित सिंहमरमरको टुक्राहरु (मोज्याक) ले बनाएको कला विश्वविख्यात मानिदो रहेछ । निर्माण भएको बेलादेखि लिएर विभिन्न शताब्दिमा यसको नियमित जिर्णोद्धार भए तापनि प्रार्थना कक्ष (नेभ) को अलि उठेको भाग याने मञ्च (अल्टर) सहितको जिर्णोद्धार भने सन् १६३० मा सम्पन्न भएको रहेछ ।

# २४. पार्टीको दरभंगा प्लेनम




■ शम्भुराम श्रेष्ठ

काठमाडौंमा पुस १ गते राजा महेन्द्रद्वारा सैनिक 'कु' भयो भन्ने खबर राति ११ बजेतिर भारतीय कम्युनिस्ट पार्टीको केन्द्रीय कार्यालयबाट थाहा भएपछि केही बेर आपसमा छलफल गरी १२ बजेतिर हामीहरु आरएनएसीको दिल्लीस्थित कार्यालयमा गई पुस २ गते बिहान सबेरै ५ बजेको दिल्ली काठमाडौं डाइरेक्ट फ्लाइटको टिकट क्यान्सिल गरायौं र आगामी कदमबारे राम्ररी सोचविचार गरी निर्णय गर्न अरु केही दिन नयाँ दिल्लीमा नै रहने निर्णय गऱ्यौं । स्वदेशसँगको सम्पर्क सुविधालाई ध्यानमा राखेर हामीहरुले भारतको विहार राज्यको दरभंगा जिल्लामा आएर बस्ने निर्णय भयो । सोहीअनुसार पटनासम्म प्लेनबाट आई त्यहाँदेखि ट्रेनबाट दरभंगा नगरी आयौं । यहाँनेरै २०१५ सालको संसदीय आम निर्वाचनमा नेपाली कांग्रेसले दुईतिहाई बहुमत हासिल गरी आफ्नो सरकार बनाएको लगत्तैपछिको देशको राजनीतिक वस्तुस्थितिको पूरापुर विश्लेषण गरी पार्टीको उत्तर गण्डक प्रान्तीय कमिटीले १८ महिनादेखि २ वर्षसम्मको समयावधिमा राजा महेन्द्रले संसद विघटन गरी पुनः देशको राज्य सत्ता हत्याउने निश्चित छ र त्यसैले अहिलेदेखि नै पार्टीले त्यसको मुकाबला गर्न तयारी गर्न थालिहाल्नुपर्छ भन्ने निष्कर्ष निकाली सोही मुताविकको राजनीतिक प्रस्ताव जो पास गरेको थियो, त्यो शतप्रतिशत सही सावित भएको कुराको सम्झना गराउनु उपयुक्त छ ।

पाटनका एक पुरानो कामरेड द्रव्यमान दाइ दरभंगा नगरीमै स्थायी रुपले आफ्नो व्यापारिक कारोबार चलाएर बस्नुहुन्थ्यो । हामीहरु नयाँ दिल्लीबाट आएर सोझै उहाँको घरमा गयौं । त्यहाँ आइपुगेको दिन हामी चारैजना एस.कमर शाह, कृष्णराज बर्मा, हिक्मत सिंह भण्डारी र म द्रव्यमान दाइकै घरमा बस्यौं । भोलिपल्ट एस.कमर शाह र कृष्णराज बर्मा जनकपुरका रामजनम सिंह कामरेडको दरभंगास्थित घरमा बस्न गए र म र हिम्मत सिंह भण्डारी द्रव्यमान दाइकै घरमा बस्यौं ।

हामीहरु सोभियत संघबाट फर्केर दरभंगा आइबसेको ६-७ दिनपछि पुष्पलाल, तुल्सीलाल र डिपी अधिकारी पनि काठमाडौंबाट भागेर दरभंगा आइपुगे । उहाँहरु दरभंगा आएपछि आगामी संघर्षबारे विचार आदानप्रदान गर्न नेपाली कांग्रेसका नेता सुवर्णशमशेरसँग भेट्न मैले कलकत्ता जाने निर्णय भयो र म भोलिपल्ट नै कलकत्तातर्फ लागें । कलकत्ता पुगेपछि म हवडा स्टेसनबाट सोझै वेलिंगन स्ट्रिटस्थित का.रामबाबु कार्की (अहिले उहाँको निधन भइसकेको छ) को निवासस्थानमा गएँ र तत्कालै उहाँलाई सुवर्णसँग भेटघाटको समय मिलाउन सुवर्णजीको मामाकै घरमा पठाएँ । भोलि बिहान ८ बजे भेट्ने समय मिलाएर का.रामबाबु फर्कनुभयो । भोलिपल्ट ठीक समयमा म सुवर्णजीको माथि उल्लिखित घरमा पुगें । उहाँ आफ्नो बैठकमा मलाई पर्खेर बसिरहनुभएको थियो । बीपी कोइराला र गणेशमान लगायत नेपाली कांग्रेसका प्रायः सबै प्रमुख नेताहरु पुस १ गते नै पक्राउ परिसकेको हुनाले अब के गर्ने कसो गर्ने भन्ने बारेमा उहाँ एकदमै असमञ्जसमा परिरहनुभएको थियो । त्यसो हुनु स्वाभाविक नै थियो । त्यही मुडमा उहाँले केही क्षणको भलाकुसारीपछि उहाँले अलि आश्चर्य जस्तो मानेर सोध्नुभयो, तपाईं पक्राउ पर्नुबाट जोगिनुभएछ खुसी लाग्यो । उहाँको प्रश्नको उत्तर दिँदै मैले भनें- पुस १ गते म काठमाडौंमै थिइनँ, नयाँ दिल्लीमा थिएँ र पुस २ गते बिहान ५ बजेतिर आरएनएसीको दिल्ली काठमाडौं डाइरेक्ट फ्लाइटबाट म गौचर विमानघाटमा पुग्नेवाला थिएँ, तर रातको ११ बजेतिर सीपीआई हेडक्वाटरबाट पुस १ गते राजा महेन्द्रले सैनिक 'कु' गरेको घटनाबारे खबर दिई हामीलाई सावधान गरेकाले हामीहरु पक्राउ पर्नुबाट जोगियौं । अहिले पुष्पलालहरु पनि दरभंगामै छन् र सबैको निर्णयअनुसार शाही 'कु' को विरोधमा अब हामीहरुले के कस्तो कदम उठाउनुपर्छ भन्नेबारेमा तपाईंसँग छलफल गर्नका लागि म यहाँ आएको हुँ भनी भनें । कुरालाई अझ प्रस्ट पार्दै मैले भनें- राजा महेन्द्रको फौजी 'कु' विरुद्ध हाम्रा दुइटै पार्टीहरुले मिलेर संयुक्त संघर्ष चलाउनुपर्छ ।' उहाँले पनि मेरो कुरालाई समर्थन गर्दै भन्नुभयो, निश्चय नै हामीहरुले मिलेरै संयुक्त संघर्ष गर्नुपर्छ । तर अहिलेसम्म मैले पार्टीका साथीहरुसँग भेट्न र सल्लाह गर्न पाएको छैन । पार्टीका सबैजसो प्रमुख नेताहरु गिरफ्तार भएका छन् । तर पनि पक्राउ नपरेका साथीहरुसँग भेटघाट र सल्लाह भएपछि तपाईंसँग सम्पर्क गर्नेछौं । मिलेर संघर्ष गर्ने बारेमा उहाँसँग सहमति भएपछि म दरभंगा फर्कें र कामरेडहरुलाई सुवर्णजीसँग सहमति भएको कुरा बताएँ ।

हामीहरु दरभंगामा छौं भन्ने हल्ला चलेपछि जिल्ला जिल्लाबाट कामरेडहरु दरभंगा आउन थाले । यहाँसम्म कि सुदूर पश्चिमबाट सुवेदार धनबहादुरसँगै (जसको बारेमा मैले माथि उल्लेख गरेको छु) सशस्त्र संघर्षकै दौरानमा पक्राउ परी एक डेढ महिनाअघि मात्रै जेलबाट छुटेका ६-७ जना कामरेडहरुसमेत दरभंगा आएका थिए र उनीहरुबाटै कामरेड धनबहादुरको जेलमै निधन भएको दुःखद समाचार पाएका थियौं । यसरी कामरेडहरु धमाधम जिल्लाहरुबाट दरभंगा आउन थालेकाले हामीहरुलाई (अर्थात् पार्टीलाई) असह्य आर्थिक समस्या हुन थाल्यो । समाधानको अरु कुनै बाटो नभएको हुनाले नयाँ दिल्लीस्थित भारतीय कम्युनिस्ट पार्टीको हेडक्वार्टरमा का.अजयकुमार घोषसँग भेटन डीपी अधिकारी र म नयाँदिल्ली गयौं । हामीहरु नयाँदिल्ली पुग्दासम्म पनि का.अजयकुमार मास्कोबाट फर्किसक्नुभएको रहेनछ तर पार्टी हेडक्वार्टरमा नेपालमा सैनिक 'कु' भई पार्टीमाथि प्रतिबन्ध समेत लागेकाले हामी नेपाली कामरेडहरुलाई ठूलो आर्थिक संकट परिरहेको हुन सक्छ । उनीहरुलाई आवश्यक आर्थिक सहयोग गर्नु भन्ने उहाँको मेसेज आइराखेको रहेछ । सो कुरा पार्टीका कार्यवाहक महासचिव का.पीसी जोशीले हामीलाई सुनाउनुभयो । हामीले पनि यसैको लागि आएको भनी भन्यौं । उपरोक्त मेसेजबाट का.अजयकुमार घोष भारतीय कम्युनिस्ट पार्टी नेपाली कम्युनिस्ट आन्दोलनप्रति कति चिन्तित थिए र कहाँसम्म सर्वहारा ऐक्यबद्धता राख्थे भन्ने कुरा प्रस्ट हुन्छ ।

(क्रमश)

स्वास्थ्य

## यस्ता छन् बन्दाकोबीका फाइदा



तरकारीहरुमध्ये निकै सस्तो र सर्वसुलभ रुपमा उपलब्ध हुने बन्दाकोबीका अनेक फाइदा छन् । बन्दाकोबीलाई तरकारी र सलादको रुपमा समेत उपयोग गरिन्छ ।

बन्दाकोबीलाई औषधिको भण्डारका रूपमा पनि लिइन्छ। यसमा नघोलिने रेसा, बिटा केरोटिन, भिटामिन 'बी १', 'बी ६', 'के', 'ई', 'सी' लगायतका भिटामिनसमेत पाइन्छ।

स्वास्थ्य विशेषज्ञहरूद्वारा गरिएको विभिन्न अनुसन्धानको निष्कर्षअनुसार, क्यान्सर रोगीले बन्दा खानाले र यसको रस सेवनले आराम मिल्छ। यसमा पाइने 'सिनिग्रान', 'इन्डोल' आदिले क्यान्सरबाट जोगाउँछ। यसमा पाइने तत्त्व कोलोन क्यान्सर रोक्न सघाउँछ। बन्दाकोबीको रसमा आइसोसाइनेटस हुन्छ। यो रसायनले हाम्रो शरीरमा एस्ट्रोजन मेटाबोलिज्मको प्रक्रियालाई तीव्र गर्छ। जसले गर्दा स्तन, फोक्सो, प्रोस्टेट, पेट, कोलोन आदिको क्यान्सरबाट जोगाउँछ। यति मात्र नभई बन्दाको सेवनले क्यान्सर निको हुने प्रक्रियालाई समेत गति मिल्ने मान्यता छ।

बन्दा जति हरियो हुन्छ, त्यति नै पोषक तत्वले युक्त हुन्छ। यसले रोग प्रतिरोधक क्षमतालाई समेत बढाउँछ। हरियो बन्दामा भिटामिन 'ई' धेरै मात्रामा हुन्छ। यसमा भित्रको पहेँलो खण्ड भिटामिन 'ए' को पूर्ति गर्छ। ठूलो बन्दामा सानोमा भन्दा बढी मात्रामा क्याल्सियम पाइन्छ। बन्दामा ९० प्रतिशत पानी हुन्छ। यसमा ०.६ प्रतिशत खनिज पदार्थ, प्रोटिन १.६, क्याल्सियम ००.३, बोसो ०.००१, कार्बोहाइड्रेट ६.२, फलाम ००.५ प्रतिशत पाइन्छ। बन्दामा भिटामिन 'ए' र 'डी' पर्याप्त मात्रामा पाइन्छ। यस्तै भिटामिन 'सी' समेत थुप्रै मात्रामा हुन्छ।

यसको माथिल्लो पातमा भिटामिन हुन्छ। यसलाई फ्याँक्नु हुँदैन। यसको पातलाई राम्ररी धोएर संक्रमणमुक्त गरेर काँचै खानाले रक्तविकार, अजीर्ण, दाँत, पेट, आँखासम्बन्धी रोग, कफ, पित्त आदि विकार हट्छन्। यो कुष्ठरोगमा समेत लाभदायक मानिन्छ। आयुर्वेदका अनुसार, ताजा बन्दाको पात बिहान चपाएर खानाले कब्जियतबाट मुक्ति पाइन्छ। यस्तै, अनिद्रापीडितले समेत सुत्नुअघि बन्दाको रस सेवन गर्दा फाइदा हुन्छ। बन्दाको नियमित सेवनले कपाल झर्न रोकिन्छ। पिसाबसम्बन्धी रोगमा समेत यो प्रभावकारी मानिन्छ। पिसाब अड्किएर आउँछ भने बन्दाको रस नियमित सेवनले उक्त समस्या समाप्त हुन्छ। बन्दाको उपयोग सुन्दरता निखार्नसमेत गरिन्छ। रुखो तथा चाउरी परेको छाला भएमा बन्दाको रस अनुहारमा लगाउनाले रुखोपना हट्नुको साथै चाउरीसमेत कम हुन्छ। यति मात्र नभई यसको रसले अनुहारमा भएको दाग कम गर्नुको साथै गोरोपना समेत बढाउँछ। यसले ज्यान नभएको र तैलीय छालालाई समेत फाइदा पुऱ्याउँछ।

बन्दाले स्तनपान गराउने महिलालाई स्तनको दुखाइ र संक्रमण हुन नदिन महत्त्वपूर्ण भूमिका खेल्छ। यो दुखाइ बढेर संक्रमणको रूप लिन्छ जसलाई मास्टाइटिस भनिन्छ। स्तनपान गराउने महिलालाई स्तनमा दुखाइ, सुन्निनु र स्तन रातो हुनुजस्ता समस्याबाट मुक्ति पाउन चिकित्सकहरू बन्दा सेवनको सल्लाह दिन्छन्। मास्टाइटिस स्तन कोशिकाको संक्रमण हो जुन स्तनपान गराउने समय उत्पन्न हुन्छ। यो ती महिलामा समेत हुन सक्छ जो आमा बनिसकेका छैनन् वा जसमा रजोनिवृत्ति हुनेवाला छ। यसको उपचार नगराउँदा स्तनबाट पिप आउने समस्या हुन सक्छ जसको उपचार शल्यचिकित्साले नै हुन सक्छ।

भारतको नयाँदिल्लीस्थित अखिल भारतीय चिकित्सा विज्ञान प्रतिष्ठान (एम्स) का अनुसार, यो उपचार स्तनको प्रभावित स्थानमा बन्दाको पात राखेर हुन्छ। यो प्रक्रियालाई हरेक दुई-दुई घन्टाको अन्तरालमा दोर्होयाउनाले र दिनमा बढीभन्दा बढी समयसम्म गर्नाले छिटो फाइदा हुन्छ। एम्सले यो उपचार विधिबाट थुप्रै महिलालाई फाइदा पुगेको समेत जनाएको छ। बन्दाको उपचार युरोपेली मुलुकमा पहिलेदेखि नै प्रचलनमा छ।

## साहित्य महोत्सवमा राष्ट्रकवि घिमिरे सहभागी हुने

आगामी फागुनमा धनगढीमा विश्व नेपाली साहित्य महोत्सव हुने भएको छ। नेपाली भाषा, संस्कृतिको उद्गमस्थलका रूपमा रहेको सुदूरपश्चिम प्रदेशको भाषा, साहित्य, कला वाङ्मय, प्राकृतिक सम्पदासहितका गौरवगाथालाई विश्वसामु परिचित गर्ने लक्ष्यसहित आगामी ६ फागुनदेखि १२ गतेसम्म धनगढीमा विश्व नेपाली साहित्य महोत्सव आयोजना हुने लागेको हो। सुदूरपश्चिमाञ्चल साहित्य समाजको आयोजनामा हुने साहित्य महोत्सवमा भारत, बर्मा, भुटान, अमेरिका, अस्ट्रेलिया, क्यानडा, बेलायत, जापानलगायतका मुलुकमा बसोबास गर्ने नेपाल भाषी करिब ५ सय स्रष्टाको सहभागिता रहने जनाइएको छ।

विश्व नेपाली साहित्य महोत्सवको तयारीबारे आयोजक साहित्य समाजका अध्यक्ष मदन पुरस्कार विजेता रामलाल जोशीले महोत्सवमा राष्ट्रकवि माधव घिमिरे, वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशी, वरिष्ठ कवि वैरागी काइँला, डा. ध्रुवचन्द्र गौतम, सरुभक्त, डा. वासुदेव त्रिपाठी, डा. बानिरा गिरीसहित प्रज्ञा प्रतिष्ठानका कुलपति तथा प्राज्ञहरू र नेपालभरिका सयौं लेखक, कवि साहित्यकारको उपस्थिति रहने बताए।


महोत्सवमा भारत आसामका वरिष्ठ साहित्यकार लीलबहादुर क्षत्री, सिक्किमका पूर्वमुख्यमन्त्री तथा साहित्यकार पवन चामलिङ, डा. पुष्पा शर्मा, डा. कविता लामा, सीपी गिरी, दार्जिलिङबाट डा. गीता क्षत्री, विन्दिया सुब्बा सहभागी हुनेछन्।


यस्तै गुहावटी विश्वविद्यालयका प्राध्यापक डा. खगेन शर्मा, डा. इन्दुप्रभा देवी, अस नेपाली साहित्य सभाका अध्यक्ष दुर्गा खतिवडा, मेघालयका डा. टेकनारायण उपाध्याय, पश्चिम बंगाल विश्वविद्यालका डा. कृष्ण घतानी, सिलगुडीबाट मुक्ति बराल, मिजोरमबाट डा. किङ गुनु घर्ती, बर्माका ठाकुरप्रसाद गुरागाईंसहित विश्वभरिका ३० भन्दा बढी मुलुकका नेपाल भाषी स्रष्टाहरूको उपस्थिति रहने उनले जानकारी दिए। यो महोत्सवमा वरिष्ठ कलाकर्मी मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, राजेश हमाल, करिष्मा मानन्धर, मनीषा कोइराला, डा. गोविन्द केसी, संविधानविद् डा. भीमार्जुन आचार्य, डा. जयराज आचार्य, डा. भेषबहादुर थापा, डा. रूप खड्कालगायतका बुद्धिजीवी, वरिष्ठ पत्रकारका साथै सयौं लेखक तथा सञ्चारकर्मीको सहभागिता रहने पनि जोशीले जानकारी गराए। विश्व नेपाली साहित्य महोत्सव सफल बनाउन प्राज्ञ यत्रराज उपाध्यायको संयोजकत्वमा एक हजार १ सय ११ सदस्यीय मूल आयोजक समिति गठन गरिएको छ। महोत्सव आयोजनामा २ करोड ४४ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ।

# जापान : विदेशीको अनुरोध लत्याउन नसक्ने युवतीहरूको देश-६

नियात्रा संस्मरण

घनश्याम राजकर्णिकार





यो त्यही भवन हो जहाँ हिरोशिमामा खसालिएको अणुबम सर्वप्रथम पर्न गएको थियो । त्यसपछि लगत्तै नजिकै रहेको शान्ति स्मृति भवन सङ्ग्रहालय (पिस मेमोरियल म्युजियम) भित्र हामी पस्यौं । त्यहाँ ठूलाठूला कोठाहरूमा बम खसेपछिका क्षतविक्षत मृत शरीरका ठूलाठूला चित्रहरू तथा त्यस बेलाका दुर्दशापूर्ण अवस्था देखाउने सजीवतायुक्त कृत्रिम आकृतिहरू देख्दा मेरो मुख हुनसम्म अँध्यारो भएको थियो । फेरि हामीकहाँ बालगिरीमा साइकल लिन पाइने जस्तै त्यहाँ टेपरिकर्डर साथमा लिई कानमा एयरफोन राखी त्यस बमकाण्डको विषयमा यथार्थ सुन्न पाइने सहुलियतलाई मैले छाड्न सकिनँ । त्यो संसारप्रसिद्ध हृदयविदारक घटनाको यथार्थ विवरण त्यही टेपद्वारा थाहा पाएँ ।

सन् १९४५ को अगस्त ६ तारिख बिहानको ठीक ८:१५ बजे, मौसम सफा थियो । तीनओटा यू.एस्.बी. २९ विमानहरू एकाएक उत्तर-पूर्वबाट हानिँदै आई बेतोडसाथ हिरोशिमा सहरभित्र चोर पसेझैँ पसे । तीमध्ये एउटाले एटमबम खसाल्यो, अनि दायाँतिर स्वाट्ट मोडेर ती तीनैओटा सैनिक विमानहरू पूर्ण क्षमताका साथ बेपत्तासँग उडेर नदेखिने भए । चोर आयो भनी कराउन नपाउँदै तथा बमबिस्फोटन हुनुअगावै ती विमानहरू सकुशल सोह्र किलोमिटर (दश माइल) पर पुगिसकेका थिए । करिबकरिब ८५०० मिटर (२७८० फिट) को उचाइबाट खसालिएको एटमबम जमिनमा पुग्न नपाउँदै ठूलो लामो आगोको मुस्लो बेतोडले तलतिर झरेको देखियो र जमिनमा ठक्कर खाएपछि फेरि ५८० मिटर (१९०० फिट) सम्म माथि उठ्यो । अनि भयङ्कर विस्फोटनको ध्वनिले सारा सहरलाई थर्कायो । अनि चारैतिर कालो धूवाँले हिरोशिमा सहरलाई कुखुरीले चल्लाहरूलाई छोपेजस्तै ढकमक्क छोप्यो । अनि के थियो र छिनभरिमै विस्फोटन भएको बमबाट आगोका ज्वालाहरू तातो किरण, भयङ्कर विस्फोटन र शक्तिशाली विकिरण चारैतिर तितरबितर भई फैलिन थाल्यो । अणुबम खसेको केन्द्रबिन्दुदेखि तीन किलोमिटरको घेरामा त ५०००० सेन्टिग्रेड तापक्रम पुगेको र त्यसैले त्यहाँ जीउधन सबै भुसुक्कै स्वाहा भएको रहेछ । चार टन तौलको ३.२ मिटर लामो र ०.७ मिटर गोलाई भएको अणुबलमे खालि तीन किलोमिटरभित्रको मात्र होइन अपितु तेह्र किलोमिटरको क्षेत्र र त्यसभित्रका दुई लाखभन्दा बढी मानिसको समेत ज्यान लियो । अर्को पनि टेप सुन्ने अभिलाषा मनमा समेट्न पुगें । त्यसैले अर्को टेप भाडामा लिएँ । यो टेपमा भने अणुबम खसेपछिको विध्वंसकारी घटनापछि मानिसको के-कस्तो अवस्था हुन गएको थियो त्यसबारे केही प्रत्यक्षदर्शीहरूले बोलेका कुराहरू थिए ।

एक जना अधबैँसे जस्तोको उत्तर सर्वप्रथम घन्किन्छ । उसले भनेको हुन्छ- "मेरो नाउँ सिको नागारा हो । म अहिले टेलिभिजन प्रोग्रामको अध्यक्ष छु । यहाँ एटमबम खसेको बेलामा बाइस-तेइस वर्षको थिएँ । त्यस बेला देखेका मानिसको हृदयविदारक दुर्दशापूर्ण अवस्थाहरू सम्झँदा अहिले पनि रुन मन लाग्छ । एउटा दृश्य मेरो मस्तिष्कमा अहिलेसम्म ताजै छ । त्यस बेला अरूझैँ म पनि कराउँदै यताउता भागिरहेको थिएँ । एक ठाउँमा रुखमनि दुई जना स्कूलका विद्यार्थी दाजुभाइ मरणासन्न अवस्थामा देखेर म टक्क अडिएँ, एकछिन ट्वाल्ल परेर हेरिरहेँ । भाइचाहिँले अन्तिम सास फेर्न लागेको थियो । यो देखी दाजुचाहिँ जो आफैँ पनि कष्टपूर्ण अवस्थामा थियो र जसको सारा जीउ डढेर कालो भएको थियो, रुँदै भनिरहेको थियो- 'चिचिरो, चिचिरो, केहीबेर पर्ख आमा आउँदै छिन् ।' यो देख्दा म स्तब्ध भएँ, मैले कराउन छोडेँ र वाल्ल परी हेर्न थालेँ । तर भाइचाहिँले आमालाई पर्खन सकेन, उसले अन्तिम सास फेऱ्यो र शान्त मुद्राले चिरनिद्राको शरण पऱ्यो । दाजुचाहिँ 'चिचिरो, चिचिरो' भन्दै कराउँदै रह्यो । म झसङ्ग भएँ, आफैँ डढुँला भन्ने आशङ्काले मन तुलबुलायो र कुदिहालेँ कराउँदै निरुद्देश्य दिशातिर ।"

त्यसपछि एक जना भुक्तभोगी आइमाईको स्वर प्रस्फुटित हुन्छ । उनी आफ्नो नाम बताउन इन्कार गर्दै भन्छिन्- "अहो, त्यो बेलाको कुरा सम्झँदा अहिले पनि आङ सिरिङ्ग भएर आउँछ । म आफ्ना तीनओटा केटाकेटीहरू खोज्दै-कराउँदै दौड्दै थिएँ । म कहाँकहाँ गएँ, मैले केके देखेँ ती सबै अहिले म भन्न सक्दिनँ तर म रुँदै थिएँ-कराउँदै थिएँ- 'बाबू छोरा, तिमी कता छौ ? नानी छोरी, यहाँ आऊ बा' भन्दै थिएँ । बाटामा ढलेका-मरेका केटाकेटी देख्दा मेरो मुटु चिसो हुँदै मुखभरि पसिना आउँथ्यो तैपनि मैले हिम्मत छाडेकी थिइनँ ।"

चोको इमोरी भनी आफ्नो नाम बताउँदै बिस्तारै ऊ भन्न सुरु गर्छ यद्यपि उसको अङ्ग्रेजी भाषा अरूको भन्दा दरिलो थियो- "मलाई मेरो नाउँ लिएर बोलाउँदै एक जना तरुनी केटी मतिर दौड्दै आइरहेकी थिइन् । तिनको रूप यस्तो बीभत्स थियो, बयान गरेर साध्यै छैन । मुख कालो हुँदै भुक्क फुलेको थियो, हातका छालाहरू ऱ्याल चुहेजस्तै पग्लँदै थिए, गुप्ताङ्ग सबै उदाङ्ग थियो । उनको त्यो दुर्दशा देख्दा म भयभीत भएँ र त्यहाँबाट भाग्ने सुर कसेँ तैपनि सोधिहालेँ- 'तिमी को हौ ?' उनले आफ्नो नाम बताइन्- उफ् ! त्यो नाम त मेरो कलेजका एक जना सहपाठीको नाम थियो तर उनको त्यो अवस्थाले मैले चिन्न सकेको थिइनँ... ।"

(क्रमशः)

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003

# चीनको आर्थिक विकासमा कम्युनिस्ट पार्टीको भूमिका



विष्णु भट्टराई








जनवादी गणतन्त्र चीनका पिता माओत्सेतुङले कम्युनिस्ट पार्टीको नेतृत्वमा समाजवादी कार्यक्रम सुरु गरे । सन् १९७६ मा माओको निधनपश्चात् देङ स्यायोपिङले सुधारको काम सुरु गरे र देशले विस्तारै पुँजीवादी मार्ग अवलम्बन गर्न थाल्यो । देङपछि जियाङ जमिन, हु जिन्ताओजस्ता प्रभावशाली नेताले चीनलाई नेतृत्व गरे र आर्थिक विकासको नमुना प्रस्तुत गरिसकेका थिए । सन् २०१२ मा वर्तमान राष्ट्रपति सी चिन फिङले सत्ताको नेतृत्व गर्दै चीनलाई विश्व शक्ति बनाउने अभियानमा छन् ।

१ अर्ब ४१ करोडभन्दा बढी जनसंख्या रहेको चीनको करिब ७ प्रतिशत जनसंख्या कम्युनिस्ट पार्टीका सदस्य छन् । राजनीति, व्यापार वा मनोरञ्जनसहित जुनसुकै भए पनि आफ्नो पेसामा अघि बढ्नका लागि पार्टीको बफादार सदस्य हुनु अनिवार्य छ । चीनको प्रसिद्ध ई-कमर्स कम्पनी अलिबाबाका ज्याकमा, टेलिकम हुवावेईका संस्थापक रेन झेंङफेई वा ख्यातिप्राप्त चलचित्र नायिका फ्यान बिङिबङ पनि यसबाट अछुतो छैनन् ।

पार्टीको सिद्धान्तविपरीत हिँड्ने छुट कसैलाई छैन । त्यसो गरेमा उनीहरूले सार्वजनिक रूपमा क्षमायाचना गर्नुपर्छ । गत वर्ष एक नायिकामाथिको कारबाही यसैसँग सम्बन्धित छ । स्थानीय तहदेखि नै पार्टीका संगठनहरूले माथिल्ला निकायको चयन गर्छन् । नेसनल पार्टी कंग्रेसले केन्द्रीय समितिको चयन गर्छ जसले पोलिटब्युरो गठन गर्छ । वास्तविक शक्ति यही पोलिटब्युर ोसँग हुन्छ । अहिले चिनियाँ कम्युनिस्ट पार्टीको शीर्ष स्थानमा राष्ट्रपति सी छन् । सन् २०१७ मा पार्टीले उनलाई आजीवन राष्ट्रपति बन्ने बाटो खुला गरिदिएको छ ।

कम्युनिस्ट पार्टीले उनको नाम र विचारधारालाई देशको संविधानमै समेट्नका लागि मत दियो जसले उनलाई संस्थापक नेता माओत्सेतुङबराबरकै हैसियतमा पुऱ्याएको छ ।

सन् १९२१ मा स्थापना भएको चिनियाँ कम्युनिस्ट पार्टीले च्याङकाई सेक नेतृत्वको सरकार, जापानी साम्राज्यसँगको पेचिलो लडाइसँगै दीर्घकालीन जनयुद्धको कार्यनीति अवलम्बन गर्दै विजयी प्राप्त गरी १ अक्टोबर, सन् १९४९ मा जनवादी गणतन्त्र चीन स्थापना भएको थियो । हामीले आजको चीनको वैभव देखेका छौं तर चीनमा यो वैभव ल्याउने रक्तपातपूर्ण क्रान्तिको विगत कम देखेका र बुझेका छौं । त्यसैले चीनको वर्तमान राज्य व्यवस्था, चिनियाँ जनवादी क्रान्ति र जनयुद्धसम्बन्धी विषयलाई बुझ्न माओ र चिनियाँ कम्युनिस्ट पार्टीले अलम्बन गरेका सिद्धान्त, नीति र कार्यक्रम बुझ्न आवश्यक छ ।

माओले चिनियाँ कम्युनिस्ट पार्टीको युद्ध इतिहास हामीले सोचेको जस्तो सरल छैन । उनले आफ्नै सेनाको निर्माण गरेर जनवादी गणतन्त्र चीन स्थापना गर्दा त्यहाँ ठूलो क्षति पनि भएको थियो । सन् १९२१ मा स्थापना भएको चिनियाँ कम्युनिस्ट पार्टीले करिब ४ वर्षसम्म गति लिन सकेन । कोमिन्ताङको पहिलो राष्ट्रिय अधिवेशनसम्म आफूलाई प्रत्यक्ष रूपले युद्धको तयारीमा लगाउने कुराको महत्व बुझ्न, सैन्य बल गठन गर्नमा असफल भएको स्वयं माओले स्वीकार गरेका छन् ।

सन् १९२४ देखि २७ सम्म पनि चिनियाँ कम्युनिस्ट पार्टीभित्र भीषण वैचारिक संघर्ष चल्यो । बुझाइको कमजोरीकैबीच वाम्पाओ सैनिक प्रतिष्ठानमा सहभागिताले चिनियाँ कम्युनिस्ट पार्टीमा सैन्य शक्तिको महत्व प्रस्टिन थाल्यो । क्वान्तुङ प्रान्तको युद्धमा कोमिन्ताङलाई सहयोग र उत्तरी अभियानमा सहभागी भएर चिनियाँ कम्युनिस्ट पार्टीले केही सशस्त्र बलमाथि नेतृत्व हासिल गर्न सफल भयो ।

त्यसपछि नानचाङ विद्रोह, शरद बाली विद्रोह र क्यान्टन विद्रोहजस्ता विद्रोहलाई संगठित गर्दै चिनियाँ लालसेनाको गठन भयो । जापानको तीव्र हस्तक्षेपका विरुद्ध पनि लड्नुपर्ने भएकाले चीनमा क्रान्ति गर्न सजिलो पटक्कै थिएन । त्यसैले माओले दीर्घकालीन जनयुद्धको नीति अवलम्बन गरे । दीर्घकालीन जनयुद्ध भनेको 'गुहयुद्ध' 'घेराउ र दमन' 'चलायमान युद्ध' 'कमजोर पार्ने र सिध्याउने युद्ध' 'छापामार युद्ध' 'प्रतिरोध युद्ध' 'गाउँद्वारा सहर घेर्ने' 'आधार इलाका' निर्माणजस्ता स्वरूपहरू चिनियाँ जनवादी क्रान्तिका महत्वपूर्ण पक्ष हुन् ।

माओले दीर्घकालीन जनयुद्धको नीति अवलम्बन गर्नुको कारण उल्लेख गर्दै भनेका छन्, 'तथ्य यो हो कि अहिले शत्रुपक्षको र हाम्रो आफ्नै शक्तिबीचमा अत्यन्तै ठूलो असमानता छ । ताकि शत्रुपक्षको कमजोरी विकास भइसकेको छैन, र योबेला उसको शक्तिलाई उल्ट्याउन पुग्ने हदसम्म विकास हुन सक्दैन । जबकि हाम्रा उपलब्धि विकास भइसकेका छैनन् र योबेला हाम्रो कमजोरीलाई पूर्ति गर्ने हदसम्म विकास हुन सक्दैन । त्यस कारण यतिखेर सन्तुलन हुन सक्दैन, असन्तुलन मात्र हुन्छ । 'यसरी शत्रुपक्ष सापेक्षित रूपले बलियो हुन पुग्छ र हामी सापेक्षित रूपले कमजोर छौ कि शत्रुपक्ष सापेक्षित रूपले उच्च अवस्थामा छ र हामी सापेक्षित रूपले निम्छरो अवस्थामा छौं । त्यस कारण यो अवस्थामा शत्रुपक्षको जित र हाम्रो हार हदैसम्म निश्चित रूपले नै सीमित भएको छ र यस कारण यो युद्ध लामो हुन जान्छ ।'

निकै लामो हतियारबद्ध युद्ध गरेका माओले जापानी साम्राज्यविरुद्ध प्रतिरोध युद्ध र जनवादी क्रान्तिलाई सफल पार्न कठिन बाटो अपनाउनुपर्ने बताए । सोहीअनुसार उनले जनवादी गणतन्त्र चीन स्थापना गर्न र कम्युनिस्ट पार्टीको नेतृत्वमा सत्ता स्थापनाका लागि ' जनयुद्ध' र 'जनसेना'को नीति १९४५ मा गएर मात्र ल्याए ।

यस अवधिको सुरुमा कम्युनिस्ट पार्टीले जापानविरोधी प्रतिरोध युद्धमा दुई वैकल्पिक बाटा बनाएका थिए । जनमा विजयसम्म पुग्न समग्र पक्षलाई समेट्ने दीर्घकालीन युद्ध (जनयुद्ध) वा पराजय भोग्ने र जनतालाई मुक्त नबनाउने आंशिक युद्ध थिए । तर, उनीहरूले पहिलो बाटो रोजे र आफ्नो मिहिनेतद्वारा अन्तिम विजय हासिल गर्न सफल भए ।

चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा बनेको जनमुक्ति सेनामा १ लाख १० हजारभन्दा बढी थिए भने २२ लाखभन्दा बढी ग्रामीण लडाकूहरू थिए । जनताको ठूलो साथ पाएको चिनियाँ कम्युनिस्ट पार्टीका लागि मुक्त इलाकाहरूमा विभिन्न खालका राजनीतिक, आर्थिक, सांस्कृतिक र स्वास्थ्यसम्बन्धी काममा सहयोग गरेका थिए । सबै क्षेत्रबाट अभूतपूर्व सहयोग पाएको यो युद्ध विश्वमा नै दीर्घकालीन जनतयुद्धको सफल प्रयोग थियो । जसबाट सीपीसीले च्याङ काइसेक नेतृत्वको सरकारलाई हराएर कम्युनिस्ट सत्ता स्थापना गर्न सफल भएको थियो ।

त्यति मात्र होइन, चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा दीर्घकालीन जनयुद्धमार्फत घरेलु प्रतिक्रियावादी शासकवर्गको प्रतिनिधि पार्टी कोमिन्तङको शासनलाई अपदस्त गर्न र जापानी साम्राज्यवादको अतिक्रमणलाई परास्त गरी नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नमा तत्कालीन सोभियत संघको निकै ठूलो सहयोग र भूमिका थियो ।

सोभियत संघले जापानविरोधी प्रतिरोध युद्धलाई राजनीतिक, कूटनीतिक र सैन्य समर्थन गरेको थियो । उसले १९३७ देखि १९३९ सम्म मात्रै ९ सय ८५ वटा हवाईजहाज ८२ वटा ट्यांक र १३१७ वटा तोप दिएको थियो । चीनमा १९४० सम्म ३ हजार ६६५ जना सोभियत सेनाहरू, पाइलट, पैदल सेनाका रूपमा हवाइसुरक्षा र अन्य क्षेत्रमा कार्यरत थिए । ९ अगस्ट, १९४५ मा सोभियत संघले जापानविरुद्ध युद्ध घोषणा गऱ्यो । १० लाख भन्दा बढी सेनाका साथ मन्चुरियातर्फ बढ्यो र जापानी अतिक्रमणकारीमाथि चिनियाँ सेनाको विजयलाई अगाडि बढायो ।

चिनियाँ जनमुक्ति सेनाको गठनसँगै माओ र चिनियाँ कम्युनिस्ट पार्टीको नेतृत्वमा २५ वर्ष लामो युद्धका क्रममा माओले 'गाउँबाट सहर घेर्ने' 'आधार इलाका निर्माण गर्ने' र 'दीर्घकालीन जनयुद्ध'जस्ता युद्धका स्वरूप र सैन्य रणनीति विकास गरेका थिए । चिनियाँ नयाँ जनवादी क्रान्तिलाई सफल बनाउने क्रममा चलेका विचारधारात्मक र राजनीतिक संघर्षकै क्रममा अनेक रणनीति विकास गरेका थिए ।

अन्ततः १ अक्टोबर १९४९ का दिन तिनमेन चोकमा उभिएर माओले जनवादी गणतन्त्र चीनको घोषणा गरे । जुन घोषणा माओले नेतृत्व गरेको चिनियाँ कम्युनिस्ट पार्टी र च्याङकाइसेकद्वारा नेतृत्व गरिएको अमेरिकाको पूर्ण समर्थन र सहयोग रहेको राष्ट्रवादी सत्ताबीचको युद्धको परिणाम थियो । चीनमा नयाँ जनवादी क्रान्ति सम्पन्न भएर जनवादी गणतन्त्रको स्थापना भएपछि साम्राज्यवादी र पुँजीवादी शक्तिलाई ठूलो आघात परेको थियो । परिणामस्वरूप अमेरिका र बेलायत, फ्रान्सजस्ता उसका गठबन्धनमा रहेका सहयोगीको प्रस्तावमा चीनको संयुक्त राष्ट्रसंघको स्थायी सदस्यतासमेत खोसेर ताइवानलाई दिइएको थियो र ताइवानलाई नै चीनको मान्यता दिइएको थियो । तर अल्वानियाले लगातार जनवादी गणतन्त्र चीनको स्थायी सदस्यता फिर्ता एवं कायम गराउन प्रत्येक वर्ष राष्ट्रसंघमा प्रस्ताव राख्दै आयो ।

जनवादी गणतन्त्र चीन स्थापनाको दुई दशकपछि २५ अक्टोबर १९७१ मा सो प्रस्ताव पारित भयो र राष्ट्रसंघमा चीन पुनः स्थायी सदस्यमा बहाल भयो ।

१ अक्टोबर, १९४९ देखि चीनमा चिनियाँ कम्युनिस्ट पार्टीको सत्ता रहेको छ । माओत्सेतुङको नेतृत्वमा क्रान्ति सम्पन्न गरेपछि कम्युनिस्ट पार्टीको नेतृत्वमा चीन आर्थिक महाशक्तिका रूपमा उदाएको छ । यो अवधिमा विपक्षी पार्टी छैन र कहिलेकाँही हुने छिटफुट विद्रोहलाई दबाउँदै आएको छ । करिब ९ करोड सदस्य रहेको कम्युनिस्ट पार्टी पिरामिड आकारको संगठनात्मक प्रणालीमा संगठित छ । सबैभन्दा माथि पार्टीको पोलिटब्युरो र शीर्ष स्थानमा कम्युनिस्ट पार्टीका महासचिव तथा राष्ट्रपति रहने गर्छन् । नेसनल पिपल्स कंग्रेसले संसद्का रूपमा पार्टीको नेतृत्वले गरेको निर्णयलाई अनुमोदन गर्ने काम गर्छ । चीन एकदलीय सरकार भएको राष्ट्र हो । चीनको संविधानमा नै कम्युनिस्ट पार्टीको नेतृत्वदायी भूमिका रहने उल्लेख गरिएको छ ।

चिनियाँ कम्युनिस्ट पार्टी र सेनाबीचको सम्बन्ध दोस्रो विश्वयुद्ध र त्यसपछिको गृहयुद्धको समयदेखि सुरु भएको हो । जसलाई केन्द्रीय सैन्य परिषद्ले संस्थागत रूप दिएको छ । त्यसले देशको सैन्य फौजको नेतृत्व गर्छ । आज चीन विश्वको ठूलो सैन्य शक्तिमध्ये एक हो ।

चीन आज विश्वको दोस्रो ठूलो आर्थिक शक्ति बनेको छ । विश्वले पुँजीवादको अभ्यास गरिरहँदा चीनले विकासको नयाँ मार्ग रोज्यो र संसारको महाशक्ति बन्यो । माओको समयमा सुधारवादीलाई बलपूर्वक हटाइयो । उद्योगको विकास र विस्तारका लागि उद्यमीलाई स्वतन्त्र छोडियो । तर, आर्थिक विकासका महत्वपूर्ण क्षेत्रमा राज्यको कडा नियन्त्रण रह्यो ।

चीनले राष्ट्रिय लक्ष्य तय निर्धारण गऱ्यो र र जनता तथा उद्योगीलाई सो मार्गमा हिँडाउन सफल भयो । फलस्वरूप चीनले आफ्नै शक्ति र गतिमा संसारमा आर्थिक विकासको ढोका खोल्यो र एक हिसाबले भन्दा चमत्कार नै गऱ्यो । कम्युनिस्ट पार्टीको नेतृत्वमा अर्थतन्त्र कसरी सबल र सुदृढ बन्छ भन्ने उदाहरण नै पेस गरेको छ । चीन संसारकै दोस्रो ठूलो अर्थतन्त्र बनेको छ । संसारका खर्बपतिहरूको दोस्रो ठूला संख्या चीनमा छ । संसारकै सबैभन्दा धेरै इन्टरनेट प्रयोगकर्ता चीनमा छन् । संसारकै धनी र शक्तिशाली प्रविधि कम्पनीको ठूलो हिस्सा चीनमा नै छ ।

सन् १९९७ मा एसिया र सन् २००८ मा विश्वमा आर्थिक संकट पर्दा चीनले दोहोरो अंकको आर्थिक वृद्धिदर हासिल गऱ्यो । बीआरआईजस्ता विशाल परियोजना चीनको नेतृत्वमा चलिरहेको छ। विश्वमा पश्चिमा अर्थतन्त्रको बलियो विकल्पका रूपमा चीन उभिएको छ ।

माओको निधनपछि देश स्याओपिङले आर्थिक विकासको उदार मार्ग अवलम्बन गरे र चीन विश्व व्यापार संघको सदस्य बन्यो । चीनका कट्टरपन्थी नेतालाई सुधारवादी नेताले विस्थापित गरे । सरकारी नियन्त्रण रहेका कम्पनी निजीकरणतिर गए । आर्थिक वृद्धिदर दोहोरो अंकमा पुग्यो ।

आज संसारका कतिपय राष्ट्रलाई चीनको द्रुत विकास चिन्ताको विषय बनेको छ । चिनियाँ कम्युनिस्ट पार्टीले अन्न, अन्डा, तरकारी र घरजग्गाको मूल्य घटायो । आज संसारभर चिनियाँ सामानको बाहुल्यता छ । संसारकै शक्ति राष्ट्र अमेरिकासँग व्यापार युद्धको अवस्था देखा परेको छ ।

*एजेन्सीको सहयोगमा*

# मनोकांक्षा पूर्ण हुने महावु धाम

पर्यटन

visit nepal 2020 Lifetime Experiences

कर्णाली प्रदेशअन्तर्गत दैलेख र कालीकोट जिल्लाको सिमानामा पर्ने महावु धाम विश्वका धेरै मानिसको आस्थाको धरोहर हो । यो दैलेखको सबैभन्दा अग्लो स्थानमा पर्ने एक धार्मीक पर्यटकीय क्षेत्रका रूपमा परिचित पर्यटकीय स्थल हो।

उक्त स्थानमा प्रत्येक वर्ष जनैपूर्णिमाको अघिल्लो दिनदेखि तीन दिनसम्म भव्य धार्मिक मेला लाग्ने गर्दछ । समु सतहदेखि ४ हजार २ सय मिटर अग्लो फाँटमा रहेको रमणीय धार्मिकस्थलमा एउटा मात्र वर मागे पूरा हुने विश्वास कायम रहेकाले प्रत्येक वर्ष हजारौं आन्तरिक वाह्य धार्मिक पर्यटक महावु धाम पुग्ने गरेका छन् ।

महावुको महिमा दुई जिल्लाको सिमानापर्ने महाबु धाममा दैलेखको भुर्ति ठाउँका आचार्य ब्राहमणका बोल्न नसक्ने छोरा भैसी चराउन गएको बेला ढुंगामा सुतेको अवस्थामा ढुंगा भित्रबाट शरीर धकेलिएपछि उनले आफूसँग रहेको हँसियाले खोतल्दा शिव भगवानको उत्पति भई दर्शन पाएको भन्ने किम्वदन्ती छ ।

महाबु धामको दर्शन गर्नका लागि दैलेख सुर्खेत जाजरकोट कालीकोट जुम्ला नेपालगञ्ज लगायतका जिल्ला र पछिल्लो समय भारतीय धार्मिक पर्यटक समेत महावु आउने गरेका छन् । महावुको दर्शन गरेमा पाप नष्ट हुने धार्मिक विश्वासका कारण प्रत्येक वर्ष आन्तरिक वाह्य धार्मिक पर्यटक महावु धाम जाने गरेका छन् ।

सन्तान नभएकाले सन्तान मागेमा सन्तान हुने र पाप नाश हुनेछ । पर्यटन प्रवर्द्धनका लागि ७ सय ७७ सिडी निर्माण महावु धाम जाने पर्यटकका सहजताका लागि २ किलोमिटर पदमार्गसँगै ७ सय ७७ वटा सिढी निर्माण गरिएको छ ।



शिव भगवानको उत्पति भएपछि बोल्न नसक्ने आर्चाय ब्राहमणका छोरालाई वेद पढ्न सक्ने वरदान दिई शिला लिंगमा दूध चढाउनु र अरू कसैलाई नभन्नु भनी आज्ञा दिएको भन्ने भनाई रहेको छ । उक्त कुरा उनका साथीले थाहा पाएपछि सबैलाई भन्न लगाएको र भनेका आचार्यका छोराले शिव भगवानबाट पाएको वरदान सुनाए लगतै उनको मृत्यु भएकाले यही किम्बदन्तीअनुसार महावु धाममा दुई सय वर्ष अगाडिबाट शिव भगवानको दर्शन गर्न आउन धार्मिक पर्यटकको बाक्लो उपस्थिति हुने गरेको छ । महावु धाममा दर्शन गरेपछि मनले मागेको पूरा हुने विश्वास रहेको छ । सन्तान नभएकाले सन्तान मागेमा सन्तान हुने र पाप नाश हुनेछ ।

प्रेरक

## सुनौलो मौका

एकपटक बाटोमा एक व्यक्तिको भेट यमराजसित भयो। उनले यमराजलाई चिन्न् सकेनन्। यमराज लामो यात्राका कारण तिर्खाएका थिए। उनले ती व्यक्तिसित पानी मागे। तिनले तत्कालै यमराजलाई चिसो पानी उपलब्ध गराए। तिर्खाएको समयमा पानी पिउन पाउँदा यमराज खुसी भए।

यमराजले ती व्यक्तिलाई भने- हेर भाइ, म यमराज हुँ। म यहाँ तिमीलाई नै लिन आएको हुँ। किनकि, धर्तीमा बस्ने तिम्रो समय सकिइसकेको छ। तर, तिमीले मलाई पानी पिलाएर मेरो प्यास मेटाएका हुनाले म तिमीलाई आफ्नो भाग्य बदल्ने एउटा सुनौलो मौका दिन्छु। यसको सक्दो सदुपयोग गर्नू। यमराजले ती व्यक्तिलाई एउटा अनौठो डायरी दिँदै भने- तिमीसित मात्र पाँच मिनेट समय छ। यसमा तिमीले जे लेख्छौ, त्यही पाउँछौ। तर, ध्यान राख्नू, तिमीसित केवल पाँच मिनेट मात्र समय छ। ती व्यक्तिले यमराजको हातबाट डायरी लिए। त्यसलाई खेलेर हेरे। पहिलो पानामा उनको छिमेकीको चिठ्ठा खुल्नै लागेको र चिठ्ठा परेर उनी करोडपति बन्न् लेखिएको थियो। उनले त्यहाँ लेखे- मेरा छिमेकीलाई त्यो चिठ्ठा नपरोस्। उनी डायरीका थप पाना पल्टाउँदै गए। एउटा पानामा लेखिएको थियो- तिम्रा परम मित्र निर्वाचन जितेर मन्त्री हुनेवाला छन्। उनले त्यहाँ लेखे- मेरा साथीले कहिल्यै निर्वाचन नजितून्। उनले यसैगरी पाना पल्टाउँदै गए, प्रत्येक पानामा अरूका बारेमा लेखिएका राम्रा कुरा बदल्दै गए।

जब उनी अन्तिम पानामा पुगे। त्यहाँ उनले आफ्ना बारे लेखिएको पाए। जब उनले आफ्नो भाग्य बदल्नका लागि केही लेख्न कलम उठाएका मात्र थिए, यमराजले उनको हातबाट डायरी खोसे र भने- तिमीलाई दिइएको समय सकियो। अब तिमीले केही पनि लेख्न पाउँदैनौ। अब केही हुनेवाला छैन। तिमीले आफ्ना लागि बिताउनुपर्ने अमूल्य समय अर्काको भाग्य बदल्ने र उनीहरूको नराम्रो चिताउने कार्यमा गुमायौ। तिमीले आफ्नो जीवनलाई संकटमा पा(यौ। अब तिम्रो अन्त्य निश्चित छ। यमराजको कुरा सुनेपछि ती व्यक्ति निकै पछुताए। तर, उनको हातबाट सुनौलो मौका गुमिसकेको थियो।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

इच्छाशक्ति बढ्नाले कीर्तिमानी कामको यश लिने अवसर प्राप्त हुनेछ । समय फुर्सदिलो रहनेछ तापनि रचनात्मक कार्य शुभारम्भ गर्न सकिनेछ । पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । परम्परालाई समयसापेक्ष परिवर्तन गर्न सकिनेछ । प्रतिष्ठा, मान-सम्मान आदि पाइनेछ । साथ दिनेहरू बढ्नेछन् । प्रेम र मित्रताको बन्धन कसिनेछ ।

### बृष

परिस्थितिले खर्च निम्त्याए पनि विशेष पुण्यकर्म सम्पादन हुनेछ । लामो यात्रा अथवा रमाइला ठाउँहरूको भ्रमण गर्ने अवसर प्राप्त हुनेछ । प्रवासमा मान-सम्मान पाइने समय छ । पहिलेका कमजोरी सच्याउने अवसर प्राप्त हुनुका साथै मनको डर उत्साहमा रूपान्तरित हुनेछ । आलोचकहरूले कमजोरी औंल्याउने हुँदा विशेष ध्यान दिनुहोला, पछिको संकट टर्नेछ ।

### मिथुन

नयाँ काम र आम्दानीका स्रोत फेला पर्नेछन् । श्रमको उचित मूल्यांकन हुनेछ। पढाइमा प्रगति हुनेछ। नयाँ ज्ञान सिक्ने मौका छ । आयआर्जन बढ्ने र उठ्नुपर्ने रकम हातलागी हुने समय छ । कृषि तथा पशुपालनमा सामान्य र नोकरी तथा व्यापारमा प्रशस्त लाभ हुने योग छ । सञ्चित रकमको उपयोगले पनि फाइदै दिलाउनेछ । तर खर्च बढ्नाले रकम सञ्चय गर्न नसकिएला ।

### कर्कट

प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ। विभिन्न अवसरले पछ्याउनेछन् भने भविष्यका लागि दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। मेहनतले नाम, दाम र इनाम दिलाउनेछ। रुचिका विषयमा लगानी बढाउने अवसर प्राप्त हुनेछ। तर आफ्नो श्रमबाट अरूले फाइदा उठाउने चेष्टा गर्लान् । अवसरका लागि विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ने अवस्था आउन सक्छ ।

### सिंह

अरूको सहयोगमा जुट्नुपरे पनि आफैंलाई फाइदा हुनेछ । समाजमा तारिफयोग्य काम सम्पादन हुनेछ । रोकिएका काम समेत सम्पादन हुनेछन् । कर्मयोगले विशेष जिम्मेवारी दिलाउन सक्छ । सानो प्रयत्नले धेरैको भलाइ हुने काम शुभारम्भ हुन सक्छ। धन तथा ज्ञानको भण्डार बढ्नेछ । मेहनतले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ । विशेष जिम्मेवारी हात पार्ने मौका छ।

### कन्या

सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्ला। सानातिना काममै अल्झनुपर्दा लक्ष्य प्राप्त नहुन सक्छ । परिबन्धले समस्या निम्त्याउने हुँदा हिसाबकिताबमा होसियार रहनुहोला । सानो त्रुटिले काम दोहोर्‍याउनुपर्ने स्थिति आउन सक्छ । स्वास्थ्य कमजोर हुनाले आँटेको काममा बाधा हुनेछ । अध्ययनमा त्यति समय दिन नसकिएला। सवारीसाधन चलाउँदा सावधानी अपनाउनुहोला ।

### तुला

सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। विशेष उपहार प्राप्त हुन सक्छ। परिवारजनको साथले उत्साह जगाउनेछ । मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुने समय छ। व्यापारको बहानामा रमाइलो यात्रा हुन सक्छ । परिवेश उल्लासमय रहे पनि बाध्यतासामु निरीह बन्नुपर्ला। प्रतिष्ठा एवं लोकाचारका लागि फजुल खर्च गर्नुपर्ला ।

### बृश्चिक

भौतिक साधन जुट्नाले दिगो काम प्रारम्भ हुनेछ । साहसी काम गरेर प्रशस्त लाभ उठाउन सकिनेछ । नयाँ योजनातर्फ अग्रसर भइनेछ। अरूको विश्वास जित्न केही समय लागे पनि दिगो फाइदा हुने काम हातलागी हुनेछ । पहिलेका सहयोगीहरू प्रतिस्पर्धामा उत्रिन सक्छन् । तापनि चुनौती चिर्दै काम बनाउन सकिनेछ। ईर्ष्या गर्नेहरूबाट केही सावधान भने रहनुपर्ला ।

### धनु

शुभचिन्तकहरूले साथ दिनेछन् भने मेहनतले राम्रै उपलब्धि दिलाउनेछ । चिताएका काम बिस्तारै भए पनि सम्पादन हुनेछन् । पढाइलेखाइमा प्रगति हुनेछ। सेवामूलक कामबाट धनलाभ हुनेछ। सन्तान वा सहयोगीका माध्यमबाट काम बन्ने देखिन्छ । आफ्नो प्रतिभाको कदर हुनेछ । बौद्धिक प्रतिस्पर्धामा पनि अरूलाई उछिन्न सकिनेछ । प्रतिष्ठित काम गर्ने मौका छ । बुद्धि पुर्‍याएर काम गरे फाइदा हुनेछ ।

### मकर

मान्यजनसँग असमझदारी बढ्नेछ भने हठ गर्ने बानीले समस्या निम्त्याउन सक्छ। महत्वाकांक्षी योजना तत्काल सार्वजनिक नगर्नुहोला। मिहिनेतले फाइदा दिलाउनेछ। बुद्धिको उपयोगले जटिल ठानिएको काम सम्पादन होला। आजको कामबाट दिगो फाइदा हुनेछ। मनको डर उत्साहमा रूपान्तरित हुनेछ। परिवारमा आमाको सहयोग लिँदा काम सम्पादन हुन सक्छ।

### कुम्भ

सहयोगीहरूले साथ नदिए पनि केही काम सम्पादन हुनेछन्। पुरुषार्थद्वारा प्रतिस्पर्धीहरूलाई पछि पार्न सफल भइनेछ। उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ। गरिएका कर्मको छोटो समयमै प्रतिफल पाइनेछ। ईर्ष्यालु मन भएकाहरूले काममा अवरोध पुर्‍याउन सक्छन्। आफ्ना सामानमा अरूले दाबी गर्नेछन् भने परिस्थितिसँग सम्झौता गर्नुपर्ला।

### मीन

बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ। मेहनतले सम्मानित स्थान दिलाउनेछ। बौद्धिक अभिव्यक्तिले ठूलो अवसर दिलाउन सक्छ। आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ। बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर प्राप्त हुनेछ। मान(सम्मान प्राप्त हुनेछ।

# समाचार संक्षेप

## बम प्रहार गर्ने पक्राउ

रौतहट ।ईशनाथ नगरपालिका ४ स्थित प्रहरी चौकी मठीया रौतहटमा डिउटीमा रहेका प्रहरी जवानलाई लक्षित गरी सुतली बम प्रहार गरेको घटनामा संलग्न भारत ढाका घर भएका २५ वर्षीय चन्दन कुमारलाई प्रहरीले पक्राउ गरेको छ । बीआर ०५ एच ६५०९ नम्बरको मोटरसाइकलमा आएका २ जना व्यक्तिहरुले सुतली बम प्रहार गरी फरार भएपछि तत्काल उक्त प्रहरी चौकीको प्रहरी टोलीले उनीहरुलाई पिछा गर्ने क्रममा चौकीदेखि करिब १ किलोमिटर दक्षिण नेपाल भारत सिमा दशगजा नजिकबाट उक्त मोटरसाइकलका चालक कुमारलाई फेला पारी पक्राउ गरेको हो ।

## लागूऔषधसहित पक्राउ

काठमाडौं । महानगरीय प्रहरी प्रभाग नागढुङगाबाट खटिएको प्रहरीले नियन्त्रित लागुऔषध फेनरागन, नुर्फिन र डाइजेपाम गरी जम्मा ९ सय एम्पुल सहित नवलपरासी रामनगर नगरपालिका १० का गणेश बानियालाई सोमबार बिहान पक्राउ गरेको छ । यसैगरी काठमाडौं, चन्द्रागिरी नगरपालिका २ नागढुङगाबाट अवैध लागूऔषध ब्राउनसुगर ०.१५ ग्रामसहित सुर्खेत बीरेन्द्रनगर नगरपालिका १२ घर भएका २० वर्षीय गणेश चौधरीलाई सोमबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । उक्त स्थानमा खटिएको प्रहरीले नेपालगञ्जबाट काठमाडौं आउँदै गरेको ना.७ ख ७३९५ नम्बरको बस जाँच गर्ने क्रममा बसमा सवार चौधरीलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो ।

मकवानपुर, हेटौंडा उपमहानगरपालिका १० बसपार्कबाट नियन्त्रित लागूऔषध ट्रामा १५ हजार ६ सय ट्याब्लेट सहित हेटौंडा उपमहानगरपालिका १३ पदमपोखरी बस्ने २९ वर्षीय दिपक सिंङ मोक्तानलाई सोमबार प्रहरीले पक्राउ गरेको छ ।

## दुर्घटनामा ६ को मृत्यु

काठमाडौं । पर्सा, धोबिनी गाउँपालिका २ आशवारीस्थित नहरमा ना.२१ प १५७९ नम्बरको मोटरसाइकल अनियन्त्रित भई मंगलबार बिहान दुर्घटना हुँदा गम्भीर घाइते भएका मोटरसाइकल चालक सोही गाउँपालिका ४ बस्ने ४५ वर्षीय अशोक प्रसाद साहको नारायणी अस्पतालतर्फ उपचारको लागि लैजाने क्रममा बाटोमै मृत्यु भएको छ । दुर्घटनामा गम्भीर घाइते भएकी मोटरसाइकलमा सवार साहकी बहिनी भारत बस्ने ४२ वर्षीया सुनैना देवीको नारायणी अस्पतालमा उपचार भइरहेको छ ।

काभ्रे, बनेपा नगरपालिका १० जनगालस्थित सडकमा मंगलबार बिहान बा.१० च २१५४ नम्बरको बोलेरो गाडीले अनटेष्ट लेखेको मोटरसाइकललाई ठक्कर दिँदा उक्त मोटरसाइकल बा.३ ख ७०७८ नम्बरको ट्रिपरको मुनी छिर्न गई भएको दुर्घटनामा मोटरसाइकलमा सवार भक्तपुर, भक्तपुर नगरपालिका ९ च्यामासिङ्ग बस्ने २० वर्षीय विमल कुटुजुको घटनास्थलमै मृत्यु भएको छ । दुर्घटनामा घाइते भएका मोटरसाइकल चालक भक्तपुर चाँगुनारायण नगरपालिका ८ बस्ने २१ वर्षीय प्रेम बहादुर दाहाललाई शिर मेमोरियल अस्पताल बनेपा हुँदै थप उपचारको लागि मध्यपुर ठिमी भक्तपुरतर्फ पठाइएको छ । दुवै गाडी र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

सुनसरी, कोशी गाउँपालिका ४ पूर्वपश्चिम राजमार्गमा स.१ झ २६८ नम्बरको गाडी र को.३० प ५३०१ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर मंगलबार बिहान दुर्घटना हुँदा गम्भीर घाइते भएका मोटरसाइकल सवार सोही ठाउँ पृथ्वीनगर बस्ने २९ वर्षीय दिपेश मुखीया सुनुवारको जिल्ला अस्पताल ईनरूवामा उपचारको क्रममा मृत्यु भएको छ ।

दाङ, लमही नगरपालिका ५ सुनखोलीमा लु.२ ख १३७६ नम्बरको ट्रकले मंगलबार बिहान ठक्कर दिँदा गम्भीर घाइते भएका पैदलयात्री सोही नगरपालिका ४ अर्ना बस्ने ३५ वर्षीय रफिक राईनीको नेपालगंज नर्सिङहोममा उपचारको क्रममा मृत्यु भएको छ । ट्रक चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यस्तै काभ्रे र सिरहाका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा परी २ जनाको मृत्यु भएको छ । काभ्रे, नमोबुद्ध नगरपालिका २ बेलास्थित बिपि राजमार्गमा बनेपाबाट भकुण्डेबेशीतर्फ जाँदै गरेको बा.४ ख ३३१९ नम्बरको बस सडकबाट अन्दाजी १ सय ५० मिटर तल खसेर सोमबार दिउँसो दुर्घटना हुँदा गम्भीर घाइते भएका बसमा सवार नमोबुद्ध नगरपालिका ६ बस्ने ६५ वर्षीय रामकृष्ण कार्कीको धुलिखेल अस्पतालमा उपचारको क्रममा मृत्यु भएको छ ।

सिरहा, कर्जन्हा नगरपालिका ४ बस्तीपुर चोकमा ज.८ प ४९७१ नम्बरको मोटरसाइकल र ज.९ प ५५८४ नम्बरको मोटरसाइकल सोमबार साँझ एक आपसमा ठक्कर खाँदा गम्भीर घाइते भएका ज.८ प ४९७१ नम्बरका मोटरसाइकलमा सवार धनुषा, धनुषाधाम नगरपालिका ७ बस्ने २८ वर्षीय अनिता देबी कापडको नोबेल अस्पताल बिराटनगरमा उपचारको क्रममा मृत्यु भएको छ ।

## पेस्तोलसहित पक्राउ

मोरङ । बिराटनगर महानगरपालिका १५ स्थितबाट कटुवा पेस्तोल १ थान सहित सोही महानगरपलिका ५ बस्ने २५ वर्षीय बिल नरसिंह भन्ने दिपक गुरुङलाई सोमबार राति प्रहरीले पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरीले पैदल हिड्दै गरेका गुरुङलाई शंका लागि जाँच गर्दा उनको साथबाट उक्त हतियार फेला पारेको हो ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Boorish = असभ्य, असंवेदनशील For his boorish behavior, even his wife has lost respect for him (उसको असभ्य व्यवहारले गर्दा आफ्नै स्वास्नीले पनि सम्मान गर्न छाडिसकिन्)

Caustic = पोल्ने वा घोच्ने किसिमको The critic's caustic remark made his novel even more popular (समालोचकको तिखो आलोचनाले त झन् उसको उपन्यासलाई बढी लोकप्रिय बनाइदियो)

Denigrate = कालो बनाउनु । चरित्र हत्या गर्नु His every attempt to denigrate the character of his boss failed (आफ्नो हाकिमको चरित्र हत्या गर्ने उसका हरेक प्रयास असफल भएका छन्)

Elegy = विरही गीत वा कविता On the death of the beloved leader, the renowned musician composed an elegy (आफ्नो प्रिय नेताको मृत्युमा प्रख्यात संगीतकारले विरही गीत रचना गरे)

Felicitous = मिलाएर भन्न जान्ने । अभिव्यक्ति वा शब्द चयन गर्न जान्ने कला He is always chosen as master of the ceremony for his felicitous ability (शब्द वा अभिव्यक्ति चयन गरी बोल्न जान्ने उनको योग्यताले गर्दा सभा सम्मेलन संचालन गर्ने काममा सधैंजसो उनी नै छानिन्छन्)

Grandiloquent = क्लिष्ट शब्द प्रयोग गर्ने प्रवृत्ति Being a politician he should be simple in his expression not grandiloquent (राजनीतिज्ञ भएर उनले आफ्ना अभिव्यक्ति सरल बनाउनु पर्दछ क्लिष्ट होइन)

Hoard = अनावश्यक रूपले थुपार्ने The merchants hoard the goods to create artificial shortage to inflate the price (मूल्य बढाउने हेतुले व्यापारीहरू आफ्नो गोदाममा वस्तुहरू थुपारी कृतिम अभाव सृजना गर्दछन्)

Impassive = प्रतिकृयाविहिन, भावनाविहिन The accused was totally impassive even if the judge sentenced him to ten years in prison (न्यायाधिशले दश वर्षको कैदको सजाय सुनाउँदा पनि दोषीले कुनै पनि प्रतिकृया देखाएन)

Jabber = छिटो तर अशुद्ध बोल्ने । बडबडाउनु Why should he jabber in English if does not know even normal grammatical rules (यदि साधारण व्याकरणको नियम थाहा छैन भने उसलाई किन अंग्रजीमा बडबडाउनु परेको होला )

Kinetic = घुम्दा गति उत्पादन गर्ने शक्ति Without kinetic energy an airplane can't fly (आफैं घुम्दा निस्कने शक्तिबिना हवाईजहाज उड्न सक्तैन)

# Keep बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Keep on = राख्नु You keep on playing I just go out side and come back तिमी खेलिराख, म यस्सो बाहिर गएर आउँछु ।

Keep something on = लगाइराख्नु You should not keep your hat on while eating खाना खाँदा टोपी लगाइनराखे पनि हुन्छ ।

Keep something on = भाडामा लिइराख्नु We should keep this apartment on till July जुलाइ महिनासम्म हामीले तला भाडामा लिइराख्नुपर्छ

Keep on at somebody = कसैलाई भनिराख्नु If I say yes, I do, you should not keep on at me about this मैले हुन्छ भनेपछि गरिहाल्छु नि तिमीले मलाई यसबारे भनिराख्नु पर्दैन ।

Keep out = बाहिरै बस्नु After any earthquake people keep out for some days for fear of another aftershock. भूकम्प आएपछि फेरि पराकम्प आउला भनी मानिसहरु केही दिन बाहिरै बस्छन् ।

Keep somebody out = कसैलाई बाहिरै राख्नु Keep him out until I get my work finished मेरो काम नसकुन्जेल उसलाई बाहिरै राख ।

Keep something out = छेक्नु He usually wears a hat to keep the sun out घाम छेक्न ऊ प्रायजसो ह्याट (टोपी) लगाउँछ ।

Keep to something = राखिराख्नु Keep to the right track if you want to reach to end अन्त्यसम्म पुग्ने हो भने आफूलाई सही बाटोमा राखिराख ।

Keep to oneself = आफूलाई परै राख्नु Althoung he is cured mentally, he keeps to oneself and does not like to meet the people मानसिक रोगबाट निको भए तापनि ऊ मान्छेहरुबाट आफूलाई परै राख्छ र कसैलाई भेट्न चाहँदैन ।

Keep something to oneself = आफैसँग राख्नु Keep this information to yourself, if leaked it can harm यो सूचनालाई आफैसँग राख अरुले थाहा पाए भने राम्रो हुँदैन ।

## सुडोकु-अंक १७४

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ८ | | | | | |
| | ५ | | ४ | | | | ६ | २ |
| ६ | | | | १ | ७ | | ९ | ४ |
| ५ | | | | | | | १ | |
| ७ | | | | | | | | ३ |
| १ | ८ | | | | | | | ५ |
| १ | ४ | | ७ | ८ | | | | ९ |
| ३ | ९ | | | | ६ | | ४ | |
| | | | | | ३ | | | |

## अंक १७३ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ९ | ६ | ३ | १ | ४ | २ | ७ | ८ | ५ |
| ४ | ७ | १ | ६ | ८ | ५ | ३ | २ | ९ |
| ५ | २ | ८ | ३ | ७ | ९ | ४ | १ | ६ |
| ३ | १ | ४ | ९ | ५ | ८ | ६ | ७ | २ |
| ८ | ९ | ६ | ७ | २ | ३ | १ | ५ | ४ |
| २ | ५ | ७ | ४ | १ | ६ | ९ | ३ | ८ |
| ६ | ४ | ५ | ८ | ३ | ७ | २ | ९ | १ |
| ७ | ८ | ९ | २ | ६ | १ | ५ | ४ | ३ |
| १ | ३ | २ | ५ | ९ | ४ | ८ | ६ | ७ |

हाम्रो चाहना : लागूऔषधरहित स्वस्थ र सुखी जीवनको कामना


नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# शब्दचित्रमा नरेन्द्रभूपाल मल्ल



**Name: Mr.Narendra Bhupal Malla**
**E-mail address**: NMalla68@yahoo.com, NBMalla@gmail.com
**Present address:** AlokNagar, Alok Tara Marga 80/40,Min Bhawan, Kathmandu, GPO Box 8712.
**Contact numbers:** 0l-4106902, 9851102815
**Profession**: Planning, Design & Construction of Hydropower plants.
**Date of Birth**: 20-06-1953
**Nationality**: Nepali.
**Membership of Professional Societies:**
Life member of Nepal Engineers Association.
Life Member of Nepal German Academic Association.
**Education**
1.Diplom- Ing. from Rheinian Westfalian Technical University, Aachen, Germany, 1986 recognized as M.E. from Tribhuvan University Kirtipur, Nepal with Reinforced concrete Structures, Construction Static, Steel Structures, Timber Structures as major subjects and Hydraulic Structures - Weir, Dam, Spillways & Hydropower Structures & hydropower plant as compulsory subjects. 2.B.Sc. from Tribhuvan University, Kirtipur, Nepal.
**Training/Seminar**
-Training on Design and Construction of Roller Compacted Concrete Dam and Concrete Faced Rock Fill Dam in Acres Office in Niagara Falls, Canada, 1997.
-Seminar on Power Sector Planning and Management in Indian Institute of Management, Bangalore, India, 1995.
-Training on Financial/Economical Analysis of Energy Projects organized by PPL/GTZ in association with
SHP/NEA, 1992.
-Training on Seismic Resistant Design of Buildings in Kathmandu organized by Engineering Institute, Nepal in association with ITT, Delhi.1990.
**Publications:**
-Kali Gandaki "A" Hydroelectric power plant / Penstock Manifold and its Supports: Analysis and Design published in VIDYUT, year 13, No.1, Bhadra2059.
-Consideration of Earthquake Loading in Analysis, design & Construction of Kali Gandaki "A" Powerhouse published in VIDYUT, year 12, No.2, Falgun 2059.
-Roller Compacted Concrete Cofferdam in KG "A" Powerhouse Construction published in VIDYUT, year 14, No.2, Falgun 2060.
**Work Experiences:**
**1.Employer: Hydro Consult**
Position: Senior Design Engineer
Projects: 1.Gabral Kalam Hydro Electric Project with installed cap.88 MW.
Kari Muskhur Hydro Electric Project with installed cap. 588 MW.
Responsibility: Preparation of Design, Review, Comment& guide the Design Team of the projects for Feasibility Level Study & Detail Design Stage with tender documents. From November 2018-Today:
**2. Employer: JADECONSULT.**
Position: Chief Design Engineer.
Responsibility: Supervision, Review, Comment & guide the Engineer team in Preparing the Feasibility & Detail Design Report. From October 2017- October 2018
**3. Employer : NEA Engineering Company**
Project : Phukot Karnali Hydro Power Project
Position : Senior Specialist Design Hydropower
Responsibility : Preparation of Review & Comments on project Planning, project optimization, project Design,
Costing & Report of Project.: Prepared the different options of plan layout with sections for the power plant facilities of Phukot Karnali Hydro Power Project. From July 2015-October 2017
**4. Employer : MWH/Shah Consult**
Project : Kali Gandaki "A" Rehabilitation Project
Position : Key expert (National) Civil Engineer
Responsibility : Preparation of detail design of modification works in desanding basins, Forbay area & Retaining walls, concrete secant wall & Road realignment in the area near by headworks Preparation of Tender documents & Construction Design Drawings. Preparation of BoQ for tender purposes. : Worked as Coordinator for physical model testing for modifications in existing forbay. Worked as Coordinator for geological investigation works in landslide area: Preparation of relevant Reports.
**5. Employer : Feedback Infrastructure Services Nepal Limited.**
Project : Upper Ankhu Hydro Project.
Position : Senior Design Engineer.
Responsibility : Preparation of Design of all major civil engineering structures of the project with required analyses & Drawings for Feasibility Level Study & Detail Design Study. August 3, 2019 Page 2 of 11 Preparation of Project Feature Report for Feasibility Level Study & Detail Design Study. From July 2013-June 2015:
**6) Employer : TRACTEBEL Engineering S.A.France &Jade Consult JV**
Project: Budhi Gandaki High Dam Project
Position : Chief Design Engineer.
Responsibility
a)Phase-1: Prefeasibility phase:
Preparation of different layouts & designs of all structures of project.
Preparation of sizing & Quantities for comparison of costing for all options.
b) Phase-2: Feasibility phase:
Preparation of drawings for different design options of intake, water ways & other major civil Engineering structures of Budhi Gandaki Project. Optimization of tunnel sizes, intake structure, power plant facilities site & all other major Structures. Preparation of hydraulic & Structural design & drawings of diversion arrangement, intake Structure, water ways & their quantities for costing purposes. Preparation of Drawings for Project layout for different options.
c) Phase-3: Detail Design Phase:
Preparation of Hydraulic design, Structural Analyses & Reinforcement Design of intake, Diversion tunnel & Diversion inlet, steel lining for spillway tunnels & Mid-level outlets with their Drawings. Supervise, assist, guide & check the design, calculations & drawings prepared by the Civil Engineers of the Budhi Gandaki project team.
**7) Employer : Jade Consult.**
Project : Rawa Khola Hydro Power Project
Position : Chief Design Engineer.
Responsibility : Supervision, assist, guide & check the detail design of Rawa Khola HydroPower Project. Prepared detail design of Penstock alignment & powerhouse for Rawa Khola Hydro Project. From January 2011-June 2013:
**8) Employer : Upper Tamakoshi Hydropower Dev. Company.**
Project : Upper Tamakoshi Hydropower Project.
Position : Senior Design Engineer.
Responsibility : Preparation of construction design for civil works.
Employer : Synergy Power Development (P)Ltd.
Project : Siprin Hydro Electric Project.
Position : Senior Powerhouse Design Engineer.
Responsibility : Preparation of construction design of Powerhouse of Siprin HEP.
**9) Employer : JADE Consults**
Project : Upper Trishuli-1 Hydro Electric Project.
Position : Senior Design Engineer.
Responsibility : Preparation of Feasibility Study Report of Upper Trishuli-1 HEP
**10) Employer : Chilime Hydropower Co. Ltd.**
Project : Sanjen Hydropower Project.
Position :Senior Powerhouse Design Engineer.
Responsibility : Preparation of Feasibility level design of Pressure shaft, Surge shaft,Powerhouse &all related structures.
**11) Employer : Chilime Hydropower Co.Ltd.**
Project : Rasuwagadhi Hydropower Project.
Position : Senior Powerhouse Design Engineer.
Responsibility : Preparation of Feasibility level Design of Surge shaft, Pressure shaft & cavern type underground powerhouse.
**12)Employer : Marsyangdi Power Company.**
Project : Manang Marsyangdi Hydropower Project.
Position : Senior Design Engineer.
Responsibility : Preparation of Feasibility Study Report on ManangMarsyangdi Hydro Power Project.
**13) Employer : Multi Model Developers Pvt.Ltd.**
Project : Upper Marsyangdi -1 Hydropower Project.
Position : Senior Design Engineer.
Responsibility: Preparationof Feasibility Study Report on Upper Marsyangdi-1 HEP.
From January 2010-December 2010
**14) Employer : Upper Tamakoshi Hydropower Dev. Company.**
Project : Upper Tamakoshi Hydropower Project.
Position : Senior Design Engineer.
Responsibility : Finalisation of tender documents for Civil Works.
**15) Employer : JADE Consults**
Project : Upper Trishuli-1 Hydro Electric Project.
Position : Senior Design Engineer.
Responsibility : Preparation of Feasibility Study Report of Upper Trishuli-1 HEP
**16) Employer : Marsyangdi Power Company.**
Project : Manang Marsyangdi Hydropower Project.
Position : Senior Design Engineer.
Responsibility : Preparation of Feasibility Study Report on Manang Marsyangdi Hydro Power Project.
**17) Employer : Multi Model Developers Pvt.Ltd.**
Project : Upper Marsyangdi -1 Hydropower Project.
Position : Senior Design Engineer.
Responsibility :Preparation of Feasibility Study Report on Upper Marsyangdi-1 HEP.
From January 2009-December 2009
**18) Employer : Upper Tamakoshi Hydropower Dev. Company.**
Project : Upper Tamakoshi Hydropower Project.
Position : Senior Design Engineer.
Responsibility : Finalisation of tender documents for Civil Works.
**19) Employer :JADE Consults**
Project : Upper Trishuli-1 Hydro Electric Project.
Position : Senior Design Engineer.
Responsibility : Preparation of Feasibility Study Report of Upper Trishuli-1 HEP
From 2008 November- 2008 December
**20) Employer : Upper Tamakoshi Hydropower Development Company.**
Project : Upper Tamakoshi Hydro Electric Project
Position : Senior Design Engineer
Responsibility : Preparation of tender design & tender documents
From 2002 December – 2008 November
**21) Employer : Fichtner Joint Venture**
Project : Middle MarshyangdiHydro electric Project
Position : Design Chief for Construction Design of Powerhouse& all related structures
Responsibility: Preparation of construction Design of entire Powerhouse and all other Structures, Penstock, Tailrace outlet structures and handling of contractors' shop Drawings for approval for Construction.
2000 June –2002 November:
**22) Employer : Morrison Knudsen International, Inc.**
Project : Kali Gandaki "A" Hydroelectric Project.
Position : Power house Chief Engineer.
Responsibility : Responsible for construction design of entire Powerhouse and associated structures, surge tank, and penstock and handling of contractors shop drawing for approval for construction and production of As- Built Drawings of Powerhouse, Surge Tank and Penstock and Design Report and supervision of PH Design Team consisting of 3 assisting Engineers & 3 Draftspersons.1998 July –2000 May:
**23) Employer : Morrison Knudsen International, Inc.**
Project : Kali Gandaki "A" Hydroelectric Project
Position : Senior design Engineer for Powerhouse.
Responsibility : Responsible for construction design of entire powerhouse and all other associated structures. 1998 January – June:
**24) Employer : Medium Hydro Design Department, Nepal Electricity Authority.**
Project : Andhi Khola Storage Project.
Position : Senior Design Engineer.
Responsibility : Design of different types of dams mainly Rockfill with impervious core and Concrete faced Rock fill with different type of spillways mainly Chute spillway and Side spillway and calculation of quantities to find economical combination of dam and spillway for that site in Feasibility level Study.
**25) Employer : Medium Hydro Design Department, Nepal Electricity Authority.**
Project : ModiKhola Hydro Electric Project.
Position : Senior Design Engineer.
Responsibility : Structural Design of Intake Structures and Retaining Walls.
**26) Employer : Medium Hydro Design Department, Nepal Electricity Authority.**
Project : Chilime Hydro Electric Project.
Position : Senior Design Engineer.
Responsibility : Responsible for providing construction design of peaking reservoir, tunnel intake,overflow-stepped spillway and other related structures with partial site supervision. 1997February- 1997 December:
**27) Employer : Canadian International Water Energy Consultants (CIWEC)**
Project : Feasibility Level Study of DudhKoshi Storage project. Under Med Hydro Study Project
Position :Project Coordinator.
Responsibility :Responsible for design of dam and spillway of the project with options of Roller Compacted Concrete dam, Rock fill with Impervious Core and Concrete Faced Rock fill dam , Chute Spillway, Side Spillway and their optimisation. Supervision of the assisting Engineers' jobs of the tram. The design team consists of 3 assistant Engineers. Responsible in producing Draft Report of the Project. 1996 July – 1997 January:
**28) Employer : Canadian International Water Energy Consultants (CIWEC)**
Project : Screening and Ranking of Medium Hydro Power Projects in Medium Hydro Study Project financed by World Bank.
Position :Senior Design Engineer.
Responsibility :Responsible for making Project layouts and Pre-Feasibility Study Level Design of different structures of storage Projects and calculating their quantities for screening and ranking process. 1996 January - 1996 June:
**29) Employer : Medium Hydro Design Department.**
Project : Kulekhani 3 Hydro Power Project
Position: Senior Design Engineer
Responsibility : Responsible for making Feasibility Study level design of Powerhouse and all other appurtenant structures with all possible options of surface power as well as underground type and calculation of their quantities andpreparing their report.
1995 January-1995 December:
**30) Employer : Medium Hydro Design Department.**
Project : Chilime Hydro Electric Project.
Position :Senior Design Engineer.
Responsibility :In charge of preparation of tender Documents for underground Powerhouse, Transformer Cavern and all other associated underground structures.
**31) Employer : Medium Hydro Design Department**








Project : Ilam Hydro Electric Project
Position: Senior Design Engineer
Responsibility: In charge of preparation of tender documents for Intake, Intake Tunnel, UndergroundDesander with all associated structures.
**32) Employer : METCON Consultants**
Project : Chameliya Hydro Electric Project.
Position : Senior Hydropower Engineer
Responsibility : Responsible for feasibility level design of Intake, intake tunnel, Desander and concrete Dam with 3 nos. of radial Gates. 1994 Jan- 1994 December:
**33) Employer : Medium Hydro Design Department**
Project : Feasibility Study of Middle Marshyangdi Hydro Electric Project
Position : Senior Design Engineer.
Responsibility : Responsible for feasibility level Design of Intake, Intake Tunnel, Underground Desanding arrangement with all associated flushing system, Surgeshaft and Penstock Tunnel.
**34) Employer : Medium Hydro Design Department.**
Project : Feasibility Study of Chilime Hydro Electric Project.
Position : Senior Design Engineer
Responsibility : Responsible for feasibility level Design of Underground Powerhouse, transformer Cavern, Access Tunnel, Tailrace tunnel and all other associated parts.
1993 – 1994:
**35) Employer : Medium Hydro Design Department**
Project : Feasibility Study of Upper BhoteKoshi Hydro Electric Project
Position : Senior Design Engineer
Responsibility : Responsible for Feasibility level Design of Surge Shaft, Penstock and other associated structures. 1992- 1993:
**36) Employer : Medium Hydro Design Department**
Project : Feasibility Study of ModiKhola Hydro Electric Project
Position : Senior Design Engineer
Responsibility : Responsible for feasibility level Design of Surge Shaft and Penstock with all associated parts.
**37) Employer : Small Hydro Power Department, Nepal Electricity Authority**
Project : Small Hydro Master Plan
Position : Field Engineer
Responsibility :Identification and Selection of sites for small hydro power plants in the District of Lalitpur.
1991- 1992:
**38) Employer : Design Department, Nepal Electricity Authority**
Project :Upper Arun Hydro Electric Project
Position: Design Engineer
Responsibility : Feasibility Level Design of Desander and all associated parts for flushing.
1990- 1991:
**39) Employer : Design Department, Nepal Electricity Authority**
Project : Small Hydro Projects
Position : Design Engineer
Responsibility : Preparation of Tender drawings for Intake structure, Powerhouse and their BOQ for Kalikot Small Hydro Project, Preparation of Tender Drawings for Small Hydro Project on the river Puma In district of Rukum.
1989-1990:
**40) Employer : Design Department, Nepal Electricity Authority**
Project : Dolpa Small Hydro Power Plant
Position : Design Engineer
Responsibility : Preparation of Tender drawings and Tender Documents for the Small Hydro Power Project in the district of Dolpa.
1988-1989:
**41) Employer : Design Department, Nepal Electricity Authority**
Project : Design of Engineering & Construction Building of Nepal Electricity Authority
Position : Structural Engineer.
Responsibility :Analysis and Design of Building Structures for the Building of Engineering & Construction.
1987-1988:
**42) Employer : Design Department, Nepal Electricity Authority**
Project : Identification of small hydro projects in different parts of Nepal
Position : Design Engineer.
Responsibility :Identification of different sites for development of small hydro projects in different parts of Nepal, Site visits and preparation of Contour maps for design of different structures of small hydro project. Preparation of design drawings & Bill of Quantities for tender purposes. 1986-1987:
**43) Employer : Shimizu Construction Company**
Project : Tribhuvan International Airport Extension Project.
Position : Structural Engineer.
Responsibility : Preparation of Shop Drawings for different Building structures of Tribhuvan International Airport.

**Countries of work experience**: Nepal
**Languages**: English, German, Hindi

## निर्माण...

क्रेडिट लाइनमा प्रभाव हुने प्रावधान राखेको र महासंघले राखेको मागमा सरकार गम्भीर नभएको भन्दै मंसिर १ गतेबाट निर्माण व्यवसायीहरु सडकमा उत्रने तयारीमा छन् ।

व्यवसायीहरुले ठेक्का प्रक्रियामा भाग लिन बैंक कमिशनमा ठूलो धनराशि खर्च हुने भन्दै संशोधित नियमावलीमा कायम भएबमोजिमको नयाँ

ढाँचालाई खारेज गरी पहिलाकै ढाँचाअनुसार संशोधन गर्ने माग गरेका छन् । व्यवसायीहरुले सार्वजनिक खरिद ऐनलाई संशोधन गरी खरिद कार्यमा २ करोडबाट बढाएर ५ करोड बनाउन माग गरेका छन् । व्यवसायीहरुले विभिन्न दातृ निकायबाट ऋण तथा अनुदानमा निर्माण हुने बोलपत्रमा विदेशीहरुले मात्र भाग लिन पाउने प्रावधान हटाएर विदेशी निर्माण व्यवसायीहरुले भाग लिन पाउनुपर्ने भन्दै बोलपत्र आह्वान गर्न माग गरेका छन् ।

नेपाल सरकारले प्यान नम्बर अनिवार्य गरेको भन्दै प्यानलाई व्यवस्थित गर्न माग गरेका छन् । भारत तथा अन्य मुलुकबाट आएका मजदुरहरुको हकमा प्यान सुलभ लगायतका मागहरु निर्माण व्यवसायी महासंघले सरकारसमक्ष राखेको छ । व्यवसायीहरुले ७ दिनभित्र प्रावधान संशोधन गर्न सरकारलाई अल्टिमेटम दिएका छन् । संशोधन नभए ज्ञापनपत्र बुझाउने, सार्वजनिक खरिद अनुगमन कार्यालय, सडक विभाग, सहरी विकास तथा भवन निर्माण विभाग लगायतका कार्यालयमा धर्ना, घेराउ, तालाबन्दी, टेण्डर बहिष्कार लगायतका विरोधका कार्यक्रमहरु सार्वजनिक गरेका छन् ।

## भौगोलिक...

भूमि आफ्नो नयाँ राजनीतिक नक्सामा गाभ्नु नेपालको सार्वभौमिकतामाथि हस्तक्षेप गर्नु हो । यो हामीलाई र नेपाली जनतालाई किमार्थ स्वीकार्य छैन ।

उहाँले महाकाली सन्धिको स्मरण गर्दै एमाले फुटेको रोचक तथ्य पनि प्रस्ट्याउनुभयो । महाकाली नदीको मुहान टुंगो नलगाई महाकाली सन्धि गरिनु महाराष्ट्रघात थियो । वर्तमान प्रधानमन्त्री केपी ओलीले महाकाली सन्धिपछि नेपालले एक खर्ब २० अर्ब वार्षिक आम्दानी गर्छ । पश्चिमबाट सूर्य उदाएजस्तै हुन्छ भनेका थिए । अहिले प्रस्ट भएको छ त्यो कति धोखाधडी काइते कुरा रहेछ । ६ महिनामा बन्ने डीपीआर २५ वर्षसम्म बन्न नसक्नुले प्रस्ट पार्छ महाकालीलाई भारत पूर्णत आफ्नो नियन्त्रणमा राख्न चाहन्छ । ओलीले सर्वपक्षीय भेलामा मालेलाई उपेक्षा गरिएको प्रति समेत उहाँले कटाक्ष गर्नुभएको थियो ।

अर्का वक्ता माले स्थायी कमिटी सदस्य एवं ग्रेटर नेपालका अभियन्ता सुरेन्द्र ढकालले सुगौली सन्धिले निर्धारण गरेको सीमालाई भारतीय विस्तारवादले अस्विकार गरेर ग्रेटर नेपालको मार्ग प्रशस्त गरिदिएको बताउनुभयो । उहाँले भन्नुभयो- सुगौली सन्धिअघि नेपालको सिमाना पूर्वमा टिस्टा र पश्चिममा काँगडासम्म थियो । सन्धिपछि नेपालले दुईतिहाई भूमि गुमाउनुपर्‍यो । इतिहासको अध्ययनले देखाउँछ त्यतिबेला नेपाललाई त्रासमा पारेर सन्धि गरिएको थियो । २ डिसेम्बर १८१५ मा इस्ट इन्डिया कम्पनीले सन्धिको मस्यौदा तयार गर्‍यो । लेफ्टिनेन्ट कर्नल प्यारिस ब्राडशाले त्यही दिन त्यसमा हस्ताक्षर गरे । नेपाललाई हस्ताक्षर गरेर १५ दिनभित्र पठाउन दिइयो । नेपालले तीन महिनासम्म हस्ताक्षर गरेन । काठमाडौं आक्रमण गर्ने ब्रिटिसको धम्कीबाट नेपाली अधिकारीहरु डराए । ४ मार्च १८१६ मा पण्डित गजराज मिश्र र चन्द्रशेखर उपाध्यायले सुगौलीमा गएर हस्ताक्षर गरे । यही कारण यसलाई सुगौली सन्धि भनिएको हो । सन् १८१४ देखि १८१६ सम्म चलेको नेपाल अंग्रेज युद्ध सुगौली सन्धिसँगै सकिएको थियो ।

त्यस सन्धि हुनुअघि नेपालको खास क्षेत्रफल २ लाख ४ हजार ९ सय १७ वर्गकिलोमिटर थियो । अहिले १ लाख ४७ हजार १ सय ८१ वर्गकिलोमिटर छ । बीचमा जंगबहादुर राणाले फिर्ता ल्याएको बाँके, बर्दिया, कैलाली र कञ्चनपुर समेतलाई जोड्दा झन्डै ६० हजार वर्गकिलोमिटर सुगौलीमा सुम्पिनु पर्‍यो । ती चार जिल्ला फिर्ता आउँदा पनि नेपालले ५७ हजार ७ सय ३६ वर्गकिलोमिटर जमिन गुमाएको छ । यसका अलावा भारतले लिम्पियाधुरा, कालापानी, लिपुलेक, सुस्ता लगायत ७३ स्थानमा नेपाली भूमि अतिक्रमण गरेको छ । सन् १९४७ मा अंग्रेजहरुले भारत छोडेर जाँदा पाकिस्तान, श्रीलंका, बर्मा स्वतन्त्र भए तर नेपालको लुटेको भूभाग उनीहरुले फिर्ता दिएनन् । राणा, पञ्चायत, लोकतन्त्र, गणतन्त्र कुनैका शासकले पनि ग्रेटर नेपालको विषय उठाएनन् । भारतले एकपछि अर्को गर्दै सीमा अतिक्रमण गरिरहँदा पनि दल र तिनका नेताहरु चुँसम्म बोल्दैनन् । 'रअ' को दानापानी खाएर बसेका नेताहरु भारतसँग लम्पसार परेकै कारण नेपालको राष्ट्रिय अखण्डता नै असुरक्षित बन्दै गएको स्थिति छ ।

कालापानी मात्रै होइन, भारतले टिस्टा र काँगडासम्मको भूभाग छोड्नुपर्छ, उहाँले अगाडि भन्नुभयो । भारत नेपाललाई समृद्ध बन्न कहिल्यै दिँदैन । नेपालको विकासको बाधक नै भारत हो । ठूलठूला योजना परियोजना ओगट्छ तर त्यसलाई अघि बढाउँदैन । पूर्वाधार निर्माणका काम भारतले गर्दै गर्दैन । नेपाल विकसित भयो भने ग्रेटर नेपाल कायम हुन्छ भन्ने उसको बुझाइ छ । अंग्रेजहरुले बनाइदिएको भारत ढिलोचाँडो विखण्डन हुनेछ भन्दै उहाँले खालिस्तान गोर्खाल्यान्ड, कस्मिर स्वतन्त्रता आन्दोलन जस्तै अन्य राज्यहरुमा पनि स्वतन्त्रताको विषय उठिरहेको छ भन्नुभयो । वीर गोर्खालीहरुलाई मोदी सरकार जिस्काइरहेको छ । यो भारतका लागि महँगो पर्ने उहाँले चेतावनी दिनुभयो ।

उक्त जनसभालाई अनेरास्ववियु पाँचौंका केन्द्रीय अध्यक्ष घनश्याम मिश्रले सम्बोधन गर्दै युवा विद्यार्थी शक्ति अब भारतीय विस्तारवादको विरुद्धमा उठिसकेको र भारतले कालापानी नछोडे त्यही गएर मार्चपास गर्ने बताउनुभयो । कालापानी, लिम्पियाधुरा गायब गरेर भारतले बनाइदिएको नक्सा प्रयोग गर्ने ओली सरकार राष्ट्रघाती भएको आरोप समेत लगाउनुभयो । नापी विभागले तीन वर्षअघि तयार गरेको कालापानी समेटिएको नक्सा लुकाएर भारतले कालापानी निलेको नक्सा सरकारी कार्यालयमा टांगिनुले ओलीको नाकाबन्दीताकाको राष्ट्रवाद स्खलित भइसकेको छ उहाँले भन्नुभयो । छात्र नेता मिश्रले भारतसँग खुट्टा नकमाई ऐतिहासिक प्रमाण र दस्तावेजका साथ भारतले अतिक्रमित गरेको कालापानी, लिम्पियाधुरा, लिपुलेक, सुस्ता र अन्य सीमा जोडिएका क्षेत्रमा देखिएका सीमा विवाद कूटनीतिक पहलद्वारा सुल्झाउन सरकारसँग आग्रह गर्नुभयो । यदि भारतले हडपेको नेपाली भूभाग वार्ताबाट पनि नछोडे अन्तर्राष्ट्रिय अदालत र संयुक्त राष्ट्रसंघमा कुरा पुर्‍याउन सरकारलाई सुझाव दिनुभयो । माले स्थायी कमिटी सदस्यहरु पोलिटब्युरो एवं केन्द्रीय सदस्यहरु समेत सहभागी सो विरोधसभाको सञ्चालन स्थायी कमिटी सदस्य कृष्ण रानाले गर्नुभएको थियो ।

## लिम्पियाधुरा...

आएको क्षेत्र लिपुलेक कैलाश-मानसरोवर प्रवेश मार्ग पनि हो। धार्मिक र पर्यटकीय दृष्टिकोणले पनि यो क्षेत्र महत्वपूर्ण मानिन्छ। भारतले उक्त क्षेत्रबाट चीनको गतिविधिसमेत अवलोकन गर्ने गरेको रिटमा उल्लेख छ। 'कालापानी क्षेत्रमा अवस्थित करिब २० हजार फिट अग्लो पहाडको थुम्कोबाट लिपुलेक भञ्ज्याङदेखि उत्तर तिब्बतमा चिनियाँ सेनाको गतिविधि भारतीय सेनाले निरीक्षण गरिरहेको छ।

भारत र चीनबीच भइरहेको सीमा विवादले कुनै पनि वेला युद्धको रूप लिए नेपाली भूभागबाट भारतले चीनविरुद्ध युद्ध गर्नेछ,' रिटमा भनिएको छ, 'युद्ध हुँदाका बखत कुनै पनि छिमेकी राष्ट्रविरुद्ध अर्को छिमेकी राष्ट्रको भूभाग प्रयोग हुनु अत्यन्त नराम्रो घटना मानिन्छ। यस्तो भएमा नेपालले चीन र भारतबीचको युद्धमा भारतलाई सहयोग गरेको मानिनेछ। युद्धमा भारतलाई सहयोग गर्नु भनेको नेपाल चीनविरोधी मोर्चामा सामेल हुनु हो।'

भविष्यमा नेपाल र चीनबीचको सम्बन्धमा समेत नकारात्मक असर पार्ने रिटको दाबी छ। यसरी नेपालको भूमिरक्षाको मुख्य जिम्मेवारी बहन गर्नुपर्ने नेपाली सेना र सशस्त्र प्रहरी बलले आफ्नो दायित्वप्रति आँखा चिम्लिएको अवस्थामा नेपालीले असुरक्षा, भय र त्रासको सामना गर्नु रिटमा छ।

सुगौली सन्धिपूर्व नेपालको पूर्वी सिमाना टिस्टा र पश्चिमी सिमाना सतलजसम्म दुई लाख चार हजार नौ सय १७ वर्ग किमि क्षेत्रफल भएको रिटकर्ताको भनाइ छ। रिटले भनेको छ, 'नेपाल सरकारले औपचारिक रूपमा सो भूमि दाबी नगरेसम्म वर्तमान नेपालको क्षेत्रफल एक लाख ४७ हजार एक सय ८१ वर्ग किमि नै हो भन्ने सरकारी तथ्यांक छ। पश्चिमतर्फ लिम्पियाधुरादेखि लिपुलेक भञ्ज्याङबीचको भूमि नेपालको हो भन्ने तथ्य जगजाहेर नै छ।'

नापी विभागले जारी गरेको नेपालको राजनीतिक नक्सामा लिम्पियाधुरालाई नक्सांकन नगरेकाले उक्त नक्सालाई बदर गरी पश्चिमतर्फ लिम्पियाधुरासम्मको नेपालको जमिनलाई अंकन गरेको नक्सा जारी गर्न माग गरेका छन् । भारतीय गलत प्रवृत्तिको अन्त्य गर्ने प्रयोजनका लागि तत्काल कूटनीतिक पहल गर्न र आवश्यक परे प्रस्तुत विवादलाई अन्तर्राष्ट्रिय अदालत र संयुक्त राष्ट्र संघसम्म पुर्‍याउन पनि उनीहरूको माग छ।

यात्रा संस्मरण

# मथुरा वृन्दावन यात्रा-१५



खोमदत्त बराल

यसैले पनि सद्दाम हुसेन र ओसामा वीन लादेन जस्ता मानिसहरु आतंक मच्चाउनलाई होइन अन्याय गर्नेहरुको बिरुद्धमा आवाज निकाल्नका लागि पनि मर्नु हुदैन ।

यति बेला एपोलोको रिसिम्स क्षेत्रमा हृदय चेक जाँचका लागि बिलिङ्ग गर्ने कममा छु । अमेरिकाबाट दिपकको फोन आएकोले उमाजी बाहिर गएर फोन बार्ता गर्दैछिन् । यहाँ एक जना कुइरेले पनि रु ५ सय तिरेर नाम लेखाए जस्तो छ । सरिता बिहार एपोलो अस्पताल राम्रो र सुग्घर पनि छ । प्रशस्त नाम चलेको । काठमाण्डौंबाट यस अस्पतालमा आउने बिरामीहरु प्रशस्त छन् । काउन्टरमा एक केटो र एउटी केटी छन् । कम्प्युटरबाट काम गर्ने प्रबिधि बिकाश भएकोले रेकर्ड किपिङ्ग पनि सजिलो छ । केटीले कालो कोट लाएको छ । गोरो ज्यानमा सेतो कमिजमाथिको सजावट स्वभाबैले सुन्दर छ ।

२०६८/१/१९ आज माताजीको दिन रहेछ । माठमाण्डौंको माता तिर्थमा ठुलै मेला लाग्छ । माताजीलाई पिण्ड पानीको समर्पण गर्ने दिन पनि हो । यी सार्बजनकि र राष्ट्रिय पर्वको रुपमा लिइन्छ । छोरी नानीले काठमाण्डौंबाट ह्याप्पी मदर डेको शुभ कामना पनि माताजीलाई चढतइन । ठूली छोरीको शुभ कामनाको केही समय पछि बेलायतबाट सानी छोरीको सद्भाबपूर्ण शुभकामना ब्यक्त गरिन् । यो माताजीको दिनको लागि भातरबर्षमा पनि बडा दिनको रुपमा लिने गरिन्छ । टिभीबाट चारदिन पछि पनि ह्याप्पी मदर डे भनेर आफ्ना भावनाहरु ब्यक्त गरेको सुनिदैछ ।

### बिहानै ९८४ एफबाट एम्समा

उमाजीमा बिरामीका केही सूचनाहरु त थिए नै । यसैले दिल्लीको यात्रा भयो । आज चार दिन बितिसकेको छ । अरु नियय अरु ठाउँमा छन् । आजको कुरा भने, बासस्थानबाट मूल सडकमा आइयो । बाटामा भेटिएका एक जना वारेष्ट्र नागरिकलाई एम्स अस्पताल जाने गाडी कति बेला आउँछ को सोधती भयो । कुरा गर्दा गर्दै परबाट रातो गाडी आउँदैं रहेछ । त्यही आउँदै गरेको गाडी नै एम्स अस्पताल जाने रहेछ । हामिले आएको भोलि पल्टै शनिबारको दिन एसकर्ट हर्ट पाउण्डेसनमा जाने कममा चढेको बस पनि यही ९८४ एफ नम्बर को बस नै रहेछ । गाडिमा चढियो । उमाजीले त सिट पाइन् । केटाहरुलाई तोकिएका सिटहरु सकिएको रहेछन् । एउटा सानो भाइ सायद स्कूल जादै रहेछन् क्यारे । उनको छेउमा एउटा सीट खाली थियो । केटाहरुको लाइनमा भएको बाँकी एउटा सिट तिर पाइला बढाएको मात्र के थियो अर्काले कब्जा गरी हाल्यो । म उभिएकै थिए । दाइने तिर बसेका भद्र मानिसले बसे हुन्छ भन्ने इसारा गर्‍यो । महिला लेखिएको छ । अगाडीका तीन लहरमा छ वटी महिलाहरु बसेका छन् । पुच्छार चौथो लाइनमा एउटा बच्चो छ । म लाज पचाएर बसे । बसे सम्म खासै केहि भएको थिएन । आफूले सीट कब्जा गर्दा उभिएका महिलाहरु बाकी थिएनन् । बसिसकेपछि अर्को बस स्टपमा एक जना महिला बिद्यार्थी चढिन् । उनीसँग आखाँहरुको लाप्पा पर्‍यो । उनले आखाँले अलि नराम्रो भावनाले हेरेको मनले चाल पायो । जसको सोना खोटी उसको हिया ढुक भने झैं आफूलाई अघि देखि नै नियम नितिको अनादार गरेको भन्ने अपराध बोघ भैरहेको थियो । पटक पटक ती इलेक्ट्रिकल साइन्स भन्ने किताब खोलेर उभिएकी छिन् । यस बसमा एउटा अनौठो पारा छ । बसको अघिल्लो भागमा अलिकति उठाएको छ । पंडितले पुराण भन्नका लागि ण्ठाएको ब्यास स्थान जस्तै छ । त्यहाँ यात्रा गर्नेहरुले सामान राख्छन् । टिफिन बक्स राख्छन् । झोला पनि राख्छन् । यही ठाउँमा जे-एन गुप्ताले लेखेको किताब ती बिद्यार्थी नानिले खोलिन् । यो प्राणी ज्यादे कमजोर भएर होला उनलाई आफुले ओगटेको कुर्सी छोडिदिउ जस्तो लाग्यो । बसेर पढ नानी भनेर माफी समेत माग्न मन लागि रह्यो । तीन चार स्टेसन सम्म यस्तो लागि रह्यो । नियम तोडेको र गलत काम गरे जस्तो लागि नै रह्यो । ती नानी २२-२५ बर्ष जतिको हुनु पर्छ । उनको यौवनका निसानी उज्जर रुपमा प्रदर्शनीमा थिए । गहूँ गोरो बर्ण भएको सामान्य रुपमा मोटी र अलि पुड्की खालकि भए पनि लामो केश भएकी हिस्सी परेकी नानी थिइन् । करिब आधा घण्टा पैतालिस मिनेट यो अपराध र लज्जाबोधले सताइ रहयो । उनलाई छोडिदिन पाएको भए उनले पढ्ने थिइन् । अनि आफूले नियम तोडेकोमा छुट्कारा पनि हुन्छ भन्ने लाग्दै थियो ।

(क्रमश:)

## रिक्त...

उपाध्यक्ष पदका लागि समेत उम्मेदवारी दर्ता भएको आयोगले जनाएको छ। त्यस्तै, विभिन्न गाउँपालिका र नगरपालिकाका रिक्त ४३ वडाअध्यक्षका लागिसमेत बुधबार नै उम्मेदवारले मनोनय दर्ता गराएका छन् ।

आयोगका अनुसार प्रदेश १ मा पाँचथर फिदिम नगरपालिका-१ र हिलिहाङ गाउँपालिका-७, मोरङको धनपालथान गाउँपालिका-२, सुनसरी धरान उपमहानगरपालिका ७, संखुवासभा खाँदबारी नगरपारिका-३, खोटाङको साकेला गाउँपालिका-३ मा वडाध्यक्षका लागि उम्मेदवारी दर्ता भएको छ। प्रदेश २ अन्तर्गत सप्तरी छिन्नमस्ता गाउँपालिका-७, सिराहाको कल्याणपुर नगरपालिका-१२, महोत्तरीको बलवा नगरपाकिलका-८ र २ तथा मटिहानी नगरपालिका-६, सर्लाही हरिपुर्वा नगरपालिका-१, रौतहट गढीमाई नगरपालिका-२, बारा बारागढी गाउँपालिका-१ र पर्सा सखुवा प्रसौनी गाउँपालिका-५ मा वडाध्यक्ष पदमा उम्मेदवारी दर्ता भएका छन् ।

प्रदेश- ३ अन्तर्गत रिक्त रामेछाप उमाकुण्ड गाउँपालिका-५, सिन्धुपाल्चोक इन्द्रावती गाउँपालिका-८, काभ्रे धुलिखेल नगरपालिका-२, काठमाडौं दक्षिणकाली नगरपालिका-३, चितवन खैरहनी नगरपालिका-४ र ५ मा समेत बुधबार नै वडाध्यक्ष पदका लागि उम्मेदवारी दर्ता गरिएको छ । गण्डकी प्रदेशअन्तर्गत लमजुङ सुन्दरबजार नगरपालिका-२, बाग्लुङ बडिगाड गाउँपालिका-२ र नवलपरासी (पूर्व) बैदीकाली गाउँपालिका-५ मा वडाध्यक्ष पदका लागि उम्मेदवारले मनोनयन दर्ता गरेका छन् ।

यसैगरी, प्रदेश-५ अन्तर्गत गुल्मीमा रुरुक्षेत्र गाउँपालिका-६, अर्घाखाँची मालारानी गाउँपालिका-३, प्यूठानको प्यूठान नगरपालिका-२, ऐरावती गाउँपालिका- १ र २, रोल्पा थावाङ गाउँपालिका-१, कपिलवस्तु शिवराज नगरपालिका-१०, दाङ घोराही उपमहानगर-१६, बाँके कोहलपुर नगरपालिका-६ मा वडाध्यक्षका लागि मनोनयन दर्ता भएको छ । कर्णाली प्रदेशमा सल्यान कुमाख गाउँपालिका-५ को रिक्त वडाध्यक्षका लागि मनोनयन दर्ता भएको छ भने सुदूरपश्चिम प्रदेशअन्तर्गत बाजुरा त्रिवेणी नगरपालिका-१, अछाम मल्लेख गाउँपालिका-५, डोटीको आदर्श गाउँपालिका-२, कञ्चनपुरको पुर्नवास नगरपालिका-३, बैतडीको पुचौंडी नगरपालिका-४, सुर्नया गाउँपालिका-१ र दोगडाकेदार गाउँपालिका-४ मा रिक्त वडाध्यक्ष पदमा उम्मेदवारी दर्ता भएको आयोगले जनाएको हो ।

## सीमा विवाद...

८ सय ४१ स्थानमा व्यक्तिले सीमा अतिक्रमण गरेको देखिएको पनि विवरणमा उल्लेख छ । सशस्त्र प्रहरीले दार्चुलाको कालापानी क्षेत्रलाई विशेष सुरक्षा गर्नुपर्ने क्षेत्रका रुपमा औंल्याएको छ । नेपाल भारत सीमा क्षेत्रमा १५ हजार ९ सय २ जना सशस्त्र प्रहरी खटिएका छन् ।

चीनतर्फको सीमा क्षेत्रमा २ हजार पाँच सय ६० जना खटिएका छन् । सीमा सुरक्षामा खटिएको सशस्त्र प्रहरी बलको बुझाएको सीमा विवाद बारेको प्रतिवेदन गृह मन्त्रालयले गुपचुप राखेको छ । सशस्त्रको सुझाव अनुसार कालापानीमा सीमा सुरक्षा मजबुत गर्न सरकारले चासो नदिँदा भारतले सो क्षेत्र आफ्नो नक्सामा गाभेको छ । विवादित सीमा क्षेत्रमा समेत सरकार गम्भीर छैन । कालापानी सुस्तादेखि सन्दुकपुरसम्म भारतले सीमा अतिक्रमण गरेको छ । तर सरकार भने बेखबर जस्तै बसेको छ । कालापानी लिम्पियाधुरा र लिपुलेक फर्काउन सरकारले अहिलेसम्म खासै कूटनीतिक पहल गरेको छैन । भारतले सो क्षेत्रमा सैनिक उपस्थिति झन् बढाएको छ भने हवाई गस्ती गरेर जनजीवनलाई आतंकित बनाइरहेको छ ।

## रोकिएन...

जसरी पनि बढीभन्दा बढी मान्छे कोच्न पाइयो भने पैसा कमिन्छ भन्ने सोचाइ मात्र हुन्छ । क्षमताभन्दा बढी यात्रु बोक्न पाइँदैन । यसको नियमन गर्ने निकाय थाहा नपाएजस्तो गरेर बस्छ । जसले गर्दा गम्भीर दुर्घटना हुन जान्छ । त्यसकारण बस सञ्चालकहरुले पैसाको मात्र मुख हेर्ने र आफ्नो सवारीको कन्डीसनको बारेमा ख्याल नगर्ने प्रवृत्ति हावी भएको छ अहिले ।

सडकको दुर्गति थाहा हुँदाहुँदै क्षमताभन्दा बढी मानिस बसमा कोचेर हुइँकिने बसहरुलाई सम्बन्धित निकायले किन कारवाही गर्दैन ? बरु एक दिन ढिला भएर केही हुँदैन तर बढी यात्रु भएको बसमा जोखिम मोलेर यात्रा गर्न हुँदैन भन्ने कुराको हेक्का कहिले हुन्छ हामीमा ?

यात्रुको संवेदनशीलतालाई ख्याल नगर्ने आफ्नो सवारीको कन्डिसन नहेर्ने यात्रुलाई जोखिमा हुँडाल्ने बस सञ्चालक तथा यातायात व्यवसायीहरुलाई तत्काल कारवाहीको दायरामा ल्याएर आवश्यक निगारानी गर्न जरुरी छ । यतिका खबरहरु बाहिर आउँदा पनि यसको नियमन गर्ने निकाय नब्युँझिदा अनाहकमा मृत्युवरण गर्नुपर्ने परिस्थितिको अन्त्य कहिले हुन्छ ? के यसरी नै कयौ मानिसहरुको सडक दुर्घटनामा परी ज्यान गएको टुलुटुलु हेरेर बस्ने हो सरकारले ? सुगम भन्दा पनि दुर्गम सडकहरुमा यात्रुबाहक गाडीहरु भीरबाट खसिरहेका छन । साँघुरा र घुमाउरा कच्ची सडकबाट बसहरु नदीमा डुबिरहेका छन् । तर पनि यस्ता सडकहरुको स्तरोन्नतिमा सरकारले चासो देखाएको छैन । क्षमताभन्दा बढी यात्रु बोक्न नपाइने, चालकले मदिराजन्य पदार्थ सेवन गरेर सवारी चलाउन नपाउने आफ्नो सवारीको अवस्था ठिक छ छैन भन्ने जाँच गरेर मात्र सवारी चलाउनुपर्ने यात्रुलाई सकुसल समयमा नै गन्तव्यमा पुर्‍याउनुपर्ने लगायतका विषयहरु कानुनमा त उल्लेख गरिएका होलान् । नीतिहरु पनि बनेका होलान् तर आज उक्त नीति कार्यान्वयनका लागि सम्बन्धित निकायको ध्यान नजाँदा यो दुर्गति भोग्नु परिरहेको छ ।

लामो दूरीका सवारी र विशेषगरी पहाडी क्षेत्रका सवारीमा यात्रुको अवस्था र बसको क्षमता नियमित रुपमा सम्बन्धित निकायले निगारानी गर्ने र क्षमताभन्दा बढी यात्रु बोक्ने आफ्नो सवारीको मर्मतमा ध्यान नदिने र जोखिममा राखेर पैसाका लागि बस हुइँक्याउने बस सञ्चालकहरुलाई तुरुन्त कानुनी दायरामा नल्याउने हो भने सुनकोशी जस्ता अरु नदीहरुमा सधैं बसहरु डुबुल्की मारिरहने र कयौं यात्रुहरुले अनाहकमा ज्यान गुमाइरहने श्रृङला बन्द हुने छाँट देखिदैन ।

## युवा नेत्र...

गर्दै आएको युवा नेत्र सेवा नामक संस्थाले बर्सेनि आफ्नो वार्षिकोत्सवको अवसर पारेर आर्थिक अवस्था कमजोर रहेका वृद्धवृद्धालाई निःशुल्क मोतिबिन्दुको शल्यक्रिया गर्दैआएको छ ।

काठमाडौंको पश्चिमतर्फको 'किपुल्चा' अर्थात् चलनचल्तीको भाषामा किसिपिडीका ६५ वर्षीया न्हुछेमाया महर्जन पनि मोतिबिन्दुको सफल शल्यक्रियापछि नयाँ संसार देखेकोमा दंग हुनुहुन्छ । दिनभरी खेतमा काम गर्नुपर्ने उहाँको आँखामा पनि मोतिबिन्दु भएको थियो । टोलछिमेक नजिकैकी स्वयंसेविकाको सहयोगमा कीर्तिपुर पुगेकी न्हुछेमायाको शल्यक्रियापछि उहाँलाई लिन छोरा पुगेका थिए । आमाको सफल शल्यक्रियापछि दुवै खुशीसाथ फर्किएका छन् । संस्थाले हरेक महिना विभिन्न ठाउँमा गएर निःशुल्क आँखा जाँच शिविर चलाउने गरेको छ । शल्याक्रिया नै गर्नुपर्ने बिरामीलाई कीतिपुर नगरपालिका अन्तर्गतको श्रीकीर्ति नगरमण्डप महाविहारमा ल्याएर शल्यक्रिया गरिन्छ । त्यसपछि औषधी दिएर आवश्यक परामर्शपछि सम्बन्धितका घर-ठेगानामा पुर्याइदिने गरिएको संस्थाले जनाएको छ ।

यसवर्ष २३ औं निःशुल्क मोतिबिन्दु शल्यक्रियाको समापन गरिएको छ । सेवाअन्तर्गत अहिलेसम्म ५३ हजार ३ सय ३६ जनाको आँखा जाँचका साथै १३ सय ४३ जनाको शल्यक्रिया सम्पन्न भएर नयाँ संसार देखेको संस्थाका सचिव रोशनराज महर्जनले जानकारी दिनुभयो । यसका साथै विद्यालय आँखा परीक्षण अन्तर्गत अहिलेसम्म १२ हजार २ सय ७२ जनाको परीक्षण भइसकेको पनि संस्थाले जनाएको छ ।

संस्थाका अध्यक्ष सिद्धार्थ रञ्जितले सेवाको सञ्चालन दैनिक 'एक कप चिया बराबरको पैसा दान' अभियानबाट भैरहेको र विदेशी दाताहरुबाट पनि प्राविधिक सहयोग प्राप्त भएको बताउनुभयो । उहाँले युवा नेत्र सेवाले सबैको सहयोगमा आफ्नै आँखा अस्पताल खोल्ने योजना रहेको जानकारी पनि दिनुभयो ।

## विवेकशील...

प्रदान गर्ने शाहवंशीय राजाको अन्त्य नगरी विदेशी चलखेल गर्न नसक्ने ठानी पशिचमा देश र दक्षिणको भारतको तत्कालिन शासकले पनि नेपालका नेताहरुलाई प्रयोग गरी राजतन्त्र हटाएर गणतन्त्र स्थापना गर्न भरपुर मद्दत पुर्‍याए ।

बहुदलीय व्यवस्थामा नेपाली काँग्रेसका नेता तथा प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले बिना लोभलालच र भाइबन्दी बिना देशको शासन चलाउन खोज्दै थिए तर उनका समकालीन नेता गिरिजाप्रसादले उनलाई टिक्न दिएनन् । त्यसपछि देशमा कुशासन शुरु भयो । नातावाद चाकडीवाद तथा भ्रष्टाचारले देशलाई नै गाँज्न थाल्यो जसको फलस्वरुप माओवादी नेतृत्वमा विद्रोह शुरु भयो । १० वर्षको अवधिमा १७००० निर्दोष नेपालीले अनाहकमा ज्यान गुमाउनु पर्‍यो । शान्ति सम्झौतापछि विद्रोह पक्षलाई पनि सत्ता साझेदारमा ल्याएर संविधान सभाको निर्वाचन गरियो । त्यसपछि आएका विभिन्न दलका नेताहरुमध्ये हालको नेकपाको सरकारका केपी ओलीबाट जनताले ठूलो आस गरेका थिए ।

भारतीय नाकाबन्दीको कडा विरोध गरेपछि उनले नेतृत्व गरेको दलले राम्रो बहुमत पनि ल्याएको थियो । निराश जनतालाई निकै ठूलो आस देखाएका ओली सरकारबाट जनताले सोचेजस्तो परिणाम पाउन नसक्दा जनता निरास हुंदै गएका छन् । अहिले प्रधानमन्त्री ओलीको स्वास्थ्य स्थिति त्यति शन्तोषजनक नहुँदा जनता दुविधामा छन् । अब केपी ओलीले पहिलाको जस्तो जोश जाँगरमा काम गर्न नसक्ने हुन् कि भन्ने झन डर हुँदैछ । फेरि उनीपछि आउने नेतृत्व आसालाग्दा कोही पनि नदेखिएकाले जेजस्तो भए पनि केपी ओली नै पूरा स्वस्थ भएर बाँकी कार्यकाल पूरा गर्नुपर्छ भन्ने आसामा पनि छन् । जसमा उनीबाट फाइदा लिनेहरु उनको शासनकाल यथावत चाहन्छन् भने कोही नेतृत्व बदलेर फाइदा लिने शुरमा पनि छन् ।

हत्या हिँसाको भूमिकाबाट आएका नेतृत्वहरु प्राय ठूलो कुरा गर्ने र जनतालाई उचाल्ने र संघर्षमा होम्याउन सिपालु भएको पाइयो । तर सरकारमा पुगेपछि उनै आसेपासे चाकडीबाज र दलालहरुले घेरिन पुगेका देखिए । एमालेको ९ महिने शासनकालमा प्रधानमन्त्री मनमोहन अधिकारी निकै परिपक्क र अनुभवी थिए । उनले भारतीय स्वतन्त्रताको क्रान्तिमा समेत भाग लिएर त्यहाँका विशिष्ठ व्यक्तिहरुको संगतबाट धेरै कुरा सिकेका थिए । उनमा राष्ट्रियताको भावना पूरा थियो । तर अहिलेका नेतृत्वहरुमा भनाइमा र गराइमा धेरै फरक हुंदै गएको छ ।

अर्कोतर्फ अहिले पूर्व राजा ज्ञानेन्द्रको चर्चा निकै चलेको पाइन्छ । आफ्ना पुर्खाले एकिकरण गरेको नेपाल राज्यको बागडोर अचानक छोड्नुपर्दा पूर्व राजा ज्ञानेन्द्रले निकै साहस र धैर्यताका साथ शान्तिपूर्वक शासन सत्ता जनताका प्रतिनिधिलाई जिम्मा लगाएका थिए । त्यसले गर्दा पनि धेरै जनताको समर्थन पूर्व राजापट्टि बढ्दै छ । अहिले धेरै जनता हिन्दुराष्ट्रसँग पूर्व राजा ज्ञानेन्द्रको सत्ता फेरि फर्किन सक्छ भन्ने आसमा देखिन्छन् । किनकि अन्तिम निर्णय गर्ने भनेको निष्पक्ष जनताको मतले नै हो । त्यसैले अहिलेको सरकारले जनताका आधारभूत आवश्यकतालाई अझै पनि बेवास्ता गर्दै अघि बढ्ने हो भने जनताले चाहेमा शासन सत्ता फेरि पनि बदलिन सक्छ भन्ने कुरा बेलैमा ख्याल गर्न सक्नुपर्छ ।

## नेपाल-भारत...

सय ५७ वटा राम्रो अवस्थामा रहेको, २ हजार ८ सय ८९ वटामा सामान्य क्षति भएको र १ हजार ५ सय ७६ वटा बढी क्षति भएको अवस्थामा पाइएका छन् । सन् १८१६ को सुगौली सन्धिलाई आधार मानेर सीमाक्षेत्रको वैज्ञानिक मापन सुरू गरिएको नापी विभागको भनाइ छ । यसरी सीमा मापन गर्दा नेपालले भोगचलन गरेको केही भूभाग भारततिर र भारतले भोगचलन गरेको केही भूभाग नेपालतिर आएको निष्कर्ष विभागले निकालेको छ । हराएका सीमा स्तम्भ जिपिएस (ग्लोबल पोजिसनिङ सिस्टम) प्रविधिमार्फत पत्ता लगाई पुनर्स्थापना गर्ने, आवश्यक ठाउँमा नयाँ राख्ने, बिग्रे-भत्केकाको मर्मत गर्ने र सीमाक्षेत्र अतिक्रमण गरेर बसेकालाई हटाउन २०७१ मा नेपाल-भारत संयुक्त सीमा कार्यदल गठन गरिएको थियो ।